अन्तिम लेखापरीक्षण प्रतिवेदन

गैडाकोट नगरपालिका, नवलपरासी(व.सु.पुर्व)

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.:२०८

मितिः २०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
गैडाकोट नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
नवलपरासी (व.सु.पुर्व) ।

विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)
Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९ च.नं.:११० मिति:२०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
गैडाकोट नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
नवलपरासी(व.सु.पुर्व)।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले गैडाकोट नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रु २ करोड ६० लाख ०२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ४७ लाख ८८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ९० लाख ५३ हजार नियमित गर्नुपर्ने रु. २९ लाख ६१ हजार र पेस्की बाँकी रु. ९२ लाख रहेको छ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।११।२८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २९(उनान्तिस) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

लेखापरीक्षण प्रतिवेदन

स्थानीय सञ्चित कोषः आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।

आयतर्फ			व्ययतर्फ		
विवरण		रकम	विवरण		रकम
गत वर्षको जिम्मेवारी		**१३३४१८३९३.२४**	**चालु खर्च**	३८४७२८२४०.८३	३८४७२८२४०.८३
क. नगद	०.००		**पुँजिगत खर्च**	२१२८५१६०१.००	२१२८५१६०१.००
ख. बैंक	१३३४१८३९३.२४		**कार्यसंचालन कोष तर्फको खर्च पुँजिगत**	२७१२४९३.००	२७१२४९३.००
राजस्व (आन्तरिक आय)		**१०२८४९६४५.५७**	**वित्तीय व्यवस्था भुक्तानी**		
क. आन्तरिक राजश्व	५०५४६३५०.५७		क. ऋण भुक्तानी		
ख. रजिष्ट्रेशन दस्तुर	५२३०३२९५.		ख. ब्याज भुक्तानी		
वित्तीय हस्तान्तरण (संघीय सरकार)		**५२३९१८४८६.७८**	**लगानी**		
क. वित्तीय समानीकरण अनुदान	१६४३०००००.००		ऋण लगानी		
ख. सशर्त अनुदान	२६०३०३५८४.४१		शेयर लगानी		
ग. संघीय सरकार राजश्व वाडफाँड	८८९०७४९७.३७		अन्य लगानी		
घ. समपुरक अनुदान	५६८७०९२.००		**धरौटी फिर्ता**	४४९६६२९.००	४४९६६२९.००
ङ. विशेष अनुदान चालु	४७२०३१३.००				
प्रदेश सरकारबाट प्राप्त अनुदान		**३४७१६३२७.००**	**भुक्तानी आदेश मार्फत भएका योजना तथा कार्यक्रम (संघ,)**		१६६९८३४७८.६०
क. वित्तीय समानीकरण अनुदान	२३२२१०००.००		क. सामाजिक सुरक्षा तथा संरक्षण	१४३५५४२००.००	
ख. राजश्व वाडफाँड	९१७३०००.००		ख. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	१४६०००००.००	
ग. समपूरक अनुदान	०.००		ग. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकर विभाग	७२७०८१.६०	
घ. शशर्त अनुदान	२३२२३२७.००		घ. पर्यटन पूर्वाधार कार्यक्रम	७००००००.००	
भुक्तानी आदेश मार्फत भएका योजना तथा कार्यक्रम (संघ,)		१६६९८३४७८.६०	ङ. वहुक्षेत्रीय पोषण कार्यक्रम	९३५१९७.००	
क. सामाजिक सुरक्षा तथा संरक्षण	१४३५५४२००.००		च. कार्यसञ्चालन कोष	१६७०००.००	
ख. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	१४६०००००.००		**भुक्तानी आदेश मार्फत भएका योजना तथा कार्यक्रम (प्रदेश,)**		५१२५०००.००
ग. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकर विभाग	७२७०८१.६०		क. शिक्षा विकास निर्देशनालय	३२५००००.००	
घ. पर्यटन पूर्वाधार कार्यक्रम	७००००००.००		ख. सामाजिक विकास मन्त्रालय	८७५०००.००	
ङ. वहुक्षेत्रीय पोषण कार्यक्रम	९३५१९७.००		ग. मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय	१००००००.००	
च. कार्यसञ्चालन कोष	१६७०००.००		**विभिन्न कोष तर्फको खर्च**		८२८२९१६.००
भुक्तानी आदेश मार्फत भएका योजना तथा कार्यक्रम (प्रदेश,)		५१२५०००.००	ख. दैवी प्रकोप उद्धार विशेष कोष (कोभिड खाता)	८२८२९१६.००	
क. शिक्षा विकास निर्देशनालय	३२५००००.००		**ओ.डि.एफ.खर्च**		
ख. सामाजिक विकास मन्त्रालय	८७५०००.००		**अर्थ बजेट**		
ग. मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय	१००००००.००		**मौज्दात**		२०५०२४४२५.९७
अन्तर स्थानीय तहबाट प्राप्त			क. नगद मौज्दात	०.००	
वित्तीय व्यवस्था प्राप्ती			ख. बैंक मौज्दात	१९१४१०५१२.७६	

क. ऋण प्राप्ती			ग. धरौटी मौज्दात	७२८३५५६.२१	
ख. साँवा प्राप्ती			घ. बिषेश कोष खाता मौज्दात ७ खाता	६३३०३५७.००	
विभिन्न कोष तर्फको आय		११४१३२६८.००			
क. महिला तथा वालवालिका विशेष कोष खाता	६०५०००.००				
ख. दैवी प्रकोप उद्धार विशेष कोष	५९०८२६८.००				
ग. वातावरण व्यवस्थापन विशेष कोष खाता	११०००००.००				
घ. स्वास्थ्य सामुदायिक विशेष कोष खाता	६०००००.००				
ङ. मर्मत सम्भार विशेष कोष खाता	५०००००.००				
च. गरिवी निवारण तथा सा.प. वि.कोष खाता	६०००००.००				
छ. कर्मचारी कल्याणकोष खाता	२१०००००.००				
धरौटी आय	११७८०१८५.२१	११७८०१८५.२१			
जम्मा		९९०२०४७८४.४०	**जम्मा**		९९०२०४७८४.४०

दफा नं	भौ.नं., मिति र व्यहोरा	वेरुजु रकम
	परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ। नगरपालिका १८ वटा वडा, र १५९.९३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ।	
	असुलीः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी भएपश्चात प्रतिक्रियावाट रु २३ लाख ३४ हजार असुली भई सम्वन्धित राजश्व शिर्षकमा दाखिला भएको छ।	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन। • पालिकाले गत वर्षको मौज्दात रु १४५३८७४६४।०० भएकोमा यस आ व मा वैक मौज्दात रकम रु१३३४१८३९३।२४ मात्र जिम्मेवारी सारी धरौटी मौज्दात र विभिन्न कोष खाताहरुको मौज्दात रकम क्रमश रु४९६४०७०।८७ र रु७००५०००।०० विभिन्न कोष तर्फको आयमा समावेस गरेकोछ। • पालिकाको चालु, पुँजीगत, सञ्चित कोष तथा अन्य विभिन्न खाताहरुमा रहेको कूल यथार्थ मौज्दात रु-२०५०२४४२५।९७ रहेकोमा सुत्रको वित्तीय प्रतिवेदनले रु-२३६०८५०९८।५६ देखाएको छ। यस सम्वन्धमा विवरणहरुमा फरक पर्नुको कारणवारे पालिकाले सम्वन्धित निकायहरुवीच समन्वय गरी हिसाव मिलान गर्नुपर्ने देखियो। • पालिकावाट प्राप्त प्रमाणित अनुसुची फाराममा फिर्ता गर्नुपर्ने अनुदान रु-३५८४८०८३।५९ देखाएकोमा सडक वोर्ड अन्तर्गतको रु१९६२४००।०० वाहेक वाँकी रकम पालिकाले सम्वन्धित निकायमा फिर्ता गरेको छ। सडक वोर्ड नेपाल अर्न्तगतको रकम फिर्ता गर्नु नपर्ने भएकोले फिर्ता नगरेको भनाई कार्यालयको रहेको छ। • उल्लिखित अवस्था र कारण स्थानीय तहले पेश गरेको वित्तीय विवरणले कारोवारको यथार्थ चित्रण गरेको मान्न सकिएन। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।	
२.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन। • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित	

कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

- कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।
- दिगो बिकास योजना (२०१५-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा दिएको तथा इ-टीडिएस गरेको पाइएन।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

	• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन। • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्रशासनिकतर्फ ८१ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा ७६ मात्र पदपूर्ती भई ५ दरवन्दी रिक्त दरवन्दी रहेको देखिन्छ। • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन। • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा कुनै पनि कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छैन। • फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ तथा नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख भएकोमा पालिकाले फोहोरमैला व्यवस्थापन गर्न दिर्घकालिन योजना वनाई कार्यान्वयन गरेको पाइएन। • सामाजिक सुरक्षा नियमावली २०७६, को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेमा पालिकाले समयमा प्रतिवेदन गर्ने कार्य गरेको पाइएन। • सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि, २०७५ दफा ३३ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्नेमा नगरेको साथै पालिकावाट पठाएको रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा नगरपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।	
३.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा रु.६४ करोड ८५ लाख ७३ हजारको बजेट २०७६।०३।१० गते सभा समक्ष पेश गरेकोमा २०७६।३।२५ मा पारित भएको छ। बजेट पारित पश्चात नगर प्रमुखले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यस्था भएकोमा २०७६।०४।०१ मा प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गरेको पाइयो।	
४.	**सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम	

कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ७८० वटा, मृत्युदर्ता ३५० वटा, नाता प्रमाणित ६५० वटा, घरवाटो शिफारिश ५७० वटा, नागरीकता शिफारिश ५१० वटा वसाइसराइ ३८० वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

५. **योजना र कार्यान्वयन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः

क्र. सं.	ववरण	योजना संख्या	रकम
१	रु १ लाखभन्दा कमको योजना	९१	७४५०७४४
२	रु एक लाखएक देखि पाँच लाख सम्मका योजना	२२५	६६०४६४२७
३	रु ५ लाखदेखि १० लाख सम्मका योजना	७७	६४३६२६२५
४	दश लाख एकदेखि ५० लाख सम्मा योजना	४६	९३१९७३७२
५	५० लाखभन्दा माथिका योजनाहरु	९	१०१५८५८२८
	जम्मा	४४८	३३२६४२९९६

६. **अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ।कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. २५ लाख ३९ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन।यसमा सुधार गर्नुपर्ने देखिन्छ।

७. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजिगत खर्चको स्थिति देहाय बमोजिम छ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा वढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
१.	गैडाकोट नगरपालिका	२१२८५१६०१	३१२१०१२६	७७७२१७८५	१०३९१९६९०	६०९३५७६२
२.	स्थानीय पुर्वाधार	१४६०००००	०	७२७०००	१३८७३०००	

	विका साझेदारी					
	जम्मा	२२७४५१६०१	३१२१०१२६	७८४४८७८५	११७७९२६९०	६०९३५७६२
	खर्चको प्रतिशत	१००	१३.७२	३४.४९	५१.७९	२६.७९

८. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट खर्चको स्थितिको शिर्षकगत विवरण पेश नभएकोले क्षेत्रगत वजेट खर्चको शिर्षकगत अवस्था एकिन गर्न सकिएन। खर्चको शिर्षकगत विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ।

९.

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल मध्ये खर्च प्रतिशत
आर्थिक विकास	६६३४२९८५	४४४३०८२१	७.४४
सामाजिक क्षेत्र	३६३८२३५९८	३०५३४०७१७	५१.०९
पूर्वाधार विकास क्षेत्र	२८६२८८४५२	१६११४९८१०	२६.९७
वातावरण तथा विपद व्यवस्थापन	४४५००००	४०२०८६७	०.६७
वित्तिय व्यवस्थापन र शुसाशन	९५६८०००	५२९५०३९	०.८८
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	११५७२६०००	७७३४२५८६	१२.९५
जम्मा	८४६१९९०३५	५९७५७९८४०	१००

१०. **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.५ लाख ट्रान्सफर गरेको छ । तर १० प्रतिशतले हुन आउने रकम नराखेको कारण त्यस कोषमा कार्यालयको मात्र योगदान देखिएको छ । कार्यालयको योगदान मात्र राखी कल्याण कोष खडा गर्नु उचित देखिएन । कोषको संचालन सम्बन्धी पालिकाबाट एक निर्देशिका तयार भएको जानकारी प्राप्त भएतापनि लेखापरीक्षणको क्रममा उक्त निर्देशिका प्राप्त भएन । ऐनमा भएको व्यवस्थाको विपरीत कर्मचारीले खाईपाई आएको १० प्रतिशत रकम नपठाइ कल्याण कोष सञ्चालन गर्नु उचित देखिएन । कानूनमा भएको उपरोक्त व्यवस्थाको पालना गर्नुपर्दछ।

११. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु- ५ करोड ५ लाख ४६ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु- ६४ करोड १५ लाख ७४ हजार समेत रु ६९ करोड २१ लाख २० हजार आम्दानी भएकोमा चालु तर्फ रु-३८ करोड ४७ लाख २८ हजार र पूँजिगत तर्फ रु-२१ करोड २८ लाख ५१ हजार समेत रु-५९ करोड ७५ लाख ७९ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.४५ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु-६५ लाख २६ हजार खर्च भएको छ जुन आन्तरिक आयको १२.९१ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.३८ प्रतिशत चालु र ३५.६२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

१२. **आन्तरिक आयतर्फ**

१२.१. **आन्तरिक आयः** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, रसिद नियन्त्रण खाता राख्नुपर्ने, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर

अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिस दस्तुर, सम्पत्तिकर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन।यो वर्ष आन्तरिक आयवापत रु.५करोड ५ लाख ४६ हजार आम्दानी देखिएको छ।पालिकाले आवश्यक म.ले.प.फा.न. हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१२.२. **आन्तरिक आयको विश्लेषणः** पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार पालिकाले यस वर्ष रु.५ करोड ०५ लाख ४६ हजार आन्तरिक आय प्राप्त गरेकोमा सुत्रको वित्तीय प्रतिवेदनको अनुसुची ११ अनुसार आन्तरिक आय शिर्षकमा रु१९१४४३११७।९४ देखिएकोले पालिकाले आन्तरिक आयको अभिलेख अद्यावधिक गरी राखेको देखिदैन।जसले गर्दा पालिकाले उल्लेख गरेको आन्तरीक आय यथार्थ हो भनी एकिन गर्न सकिदैन। सुत्रको अनुसुची ११ मा अन्य दस्तुरवापत आय भनी रु६७१३७५।०० र अन्य राजस्व शिर्षकमा रु३०८४३०।०० आम्दानी भएको देखिन्छ। पालिकाले शिर्षकगत आम्दानीको अभिलेख नराखेकोले उक्त अन्य दस्तुर र अन्य राजस्व शिर्षकमा भएको आम्दानी कुन कुन शिर्षकवाट भएको हो भनी एकिन गर्न सकिएन।पालिकाले आम्दानीको शिर्षकगत अभिलेख राखी आम्दानीको स्रोतलाई पारदर्शी वनाउनुपर्दछ।

१२.३. **वडाको आम्दानीः** पालिकामा रहेका वडाहरु मध्ये वडा नम्बर १ को असार महिनाको वडाबाट प्राप्त भएको नगदि रसिद परिक्षण गरि हेर्दा निम्न विवरणहरु प्राप्त भएको छ

क स	**रसिद नं**	**संकलन रकम**	**वैक दाखिला मिती**
१.	७६५१-७७००	२०३५०	२०७७/३/१४ २०७७/३/२५ २०७७/४/१
२.	८१३५-८१५०	९३००	
३.	८१५१-८२००	१९८००	
४.	८२०१-८२५०	२५२००	
५.	९४५१-९४५९	१५८०५	

माथिको विवरण हेर्दा पालिकाको वडामा नगदी रसिदमार्फत संकलन भएको रकम दैनिक रुपमा वैक दाखिला नभई मासिक वा १५ दिनमा एकपटक जम्मा हुने गरेको देखिन्छ।पालिकाले दैनिक राजस्व जम्मा गर्ने तर्फ ध्यान दिनुपर्दछ।

१२.४. **राजस्व सफ्ट्वेयरः** नगरपालिकामा राजस्व संकलन गर्न साग्रिला नामको सफ्टवेयर प्रयोग गरेकोमा लेखापरीक्षणको शिलशिलामा सफ्ट्वेयर प्रणालीमा भएका अवस्था विश्लेषण गर्दा सफ्टवेयर प्रयोग गर्ने म्यानुअल नभएको, सम्पुर्ण करदाताको विवरण सप्ट्वेयरमा पोष्टिङ नभएको, सफ्ट्वेयर प्रणालीलाई सवै संकलन केन्द्रमा प्रयोग नगरी केही नगदी रसिद र केही मात्र सफ्ट्वेयर प्रणालीवाट विजक जारी गर्ने गरिएको, कार्यालयको मौखिक अनुरोधमा समेत सफ्टवेयर सेवा प्रदायकले सफ्ट्वेयरको विशेषता परिवर्तन गर्ने गरेको, डाटावेसमा एकपटक प्रविष्टी भएका तथ्यांक मेट्न समेत सकिने, डाटावेसमा राखिएका हरेक रेकर्डमा सोको प्रविष्टी मिती समय रेकर्डको प्रभावग्राहिता तथा प्रयोगकर्ताको पहिचान सम्वन्धी जानाकारी नहुने, र सफ्टवेयरको व्याकअप सिस्टम राख्ने गरेको पाइएन ।विधुतिय माध्ययमवाट आम्दानी रसिद जारी गर्दा हरेक आर्थिक वर्षको डाटावेस लगको व्याकअप गरी राजस्व संकलन र अभिलेखमा प्रभावकारीता ल्याउनुपर्दछ।

१२.५. **रद्द गरिएका रसिदहरुः** नगरपालिकामा प्रयोगमा ल्याइएका नगदी रसिदहरु आम्दानी गरी सके पश्चात पनि सफ्टवेयरमा कुनै कारण नदेखाई रद्द गर्ने गरेको पाइयो। नगरपालिकामा आम्दानी वाँधिसकेको नगदी रसिद रद्द गर्ने सम्वन्धमा कुनै कार्यविधी नवनाइएको तथा रद्द गर्ने अधिकार कसलाई हुने भनी स्पष्ट नगरेको कारण रद्द भएका रसिदहरु आधिकारीक व्यक्तिवाट भएको हो वा होइन र सोको यथार्थ विवरण लेखापरीक्षणको क्रममा खुल्न सकेन।नगरपालिकामा प्रयोग गरिएको सफ्टवेयरवाट हेर्दा आ व २०७६।७७ मा नगरपालिकाको संकलन केन्द्रमा कार्यलयप्रमुखको तोक आदेशमा ५७ वटा रसिदको रु९८२९६।०० वरावरको

राजस्व रद्द गरिएको छ। नगरपालिकाको सफ्टवेयरमा विभिन्न कारण देखाई रद्द गरेका सम्पुर्ण रसिदको सक्कल विवरण पनि पालिकामा नभएकोले यस सम्वन्धमा यथार्थता एकिन गर्न सकिएन। पालिकाले रसिद रद्द गर्ने अधिकार र सोको अभिलेखलाई प्रभावकारी वनाउनुपर्ने देखिन्छ।

१२.६. **१० प्रतिशत रकम असूल नभएको:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (ख) मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिका क्षेत्रभित्रका निम्न सामुदायिक वन उपभोक्ता समितिहरुले आर्थिक वर्ष ७६।७७ को वन पैदावरको विक्रीवापत प्राप्त गरेको रकमको ऐनमा भएको व्यवस्था बमोजिम स्थानीय संचित कोषमा दाखिला नगरेकोले सम्वन्धित सामुदायिक वन उपभोक्ता समितबाट असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नपर्ने रु.. १३६२७५५

क्र. स.	सामुदायिक वनको नाम	बिक्री वापत प्राप्त रकम	१० प्रतिशतले हुने रकम
१.	जलदेवी सामुदायिक वन उपभोक्ता समुह गैडाकोट ३	१४५००००	१४५०००
२.	देउराली सामुदायिक वन उपभोक्ता समुह गैडाकोट ३	९११९५५५	९११९५५
३.	कालीगण्डकी सामुदायिक वन उपभोक्ता समुह गैडाकोट ३	२७८५०००	२७८५००
४.	सितल सामुदायिक वन उपभोक्ता समुह गैडाकोट १५	२७३०००	२७३००
	जम्मा	१३६२७५५५	१३६२७५५

१२.७. **व्यवसाय कर:** पालिकाले हरेक आर्थिक वर्षमा आफ्नो आर्थिक ऐनद्धारा पालिकाभित्र सञ्चालनमा रहेका विभिन्न व्यवसायको दर्ता तथा नविकरण सम्वन्धमा करका दरहरु निर्धारण गर्दै आएकोमा पालिकामा आ व २०७६।७७ सम्म दर्ता भएका कुल ३८०७ वटा व्यवसायमध्ये आ व २०७६।७७ मा १५७९ वटा मात्र पालिकामा नविकरण भई सञ्चालनमा रहेको तथा १८७९ वटा व्यवसाय नविकरण गर्न बाँकी देखिन्छ। नवकिरण नगरी सञ्चालन गरेका १८७९ व्यवसायवाट के कति राजस्व उठाउन बाँकी छ सोको एकिन गर्न सकिएन। पालिकावाट प्राप्त विवरणअनुसार नविकरण नभएका ३८ वटा व्यवसायको नविकरण शुल्क परीक्षण गर्दा रु २ लाख ९१हजार राजस्व पालिकामा संकलन नभएको देखिन्छ। पालिकाले व्यवसाय कर तिर्नुपर्ने करदाता कर तिर्न आएपछि मात्र कर लिने र बाँकी वक्यौता कर संकलन गर्न ठोस पहल गरेको देखिदैन। जसका कारण पालिकामा जम्मा हुनुपर्ने ठुलो राजस्व रकम संकलन हुन नसकेको देखिन्छ। पालिकाले व्यवसाय कर तिर्नुपर्ने करदाता कर तिर्न आएपछि मात्र कर लिने र बाँकी वक्यौता कर संकलन गर्न ठोस पहल गरेको देखिएन। जसका कारण पालिकामा यस आ व मा देहायका व्यवसायबाट रु २९१२५०।०० राजस्व संकलन कम भएकोले समयमा नविकरण गराउने तर्फ ध्यान दिनुपर्दछ।

सि न	व्यवसायको नाम	वडा नं	दर्ता नं	आ व २०७६।६६ सम्म नविकरण गर्दा लाग्ने शुल्क
१	जयमा पग्ली	७	०७५/१/२९	२५२५०
२	यस यस ट्रेडर्स	५	०६८/५/८	१५१००
३	खडानन्द निर्माण सामाग्री सप्लायर्स	५	०६६/६७	१४३००
४	शितल होटल	६	०६५/८/१	११३००
५	विमल घर निर्माण सेवा	१	०७५/१/१३	१०५००
६	पाल्पाली होटल	८	०६३/६४	९५००
७	इन्द्रेणी पाटी प्यालेश	५	०७४/१२/७	९०००
८	जुरासिक वाटर पार्क	१२	०७४/९/३	९०००
९	तुलसी होटल	७	०६४/३/२४	८४००

१०	तिर्थ किराना पसल	७	०६९/११/३०	८४००
११	गोमा स मिल	१२	०७३/१०/४	८०००
१२	नारायणी रेस्टुरेन्ट	९	०६८/५/३०	७५००
१३	दोस्ती तास घर	९	०६९/३/२७	७५००
१४	सानुखाले मदिरा होटल	७	०७२/४/२७	७१००
१५	टेलसशप नेपाल	६	०७३/८/१३	७०००
१६	श्री राइस मिल	१२	०७३/११/२७	७०००
१७	सेन्टर प्वाइन्ट रेस्टुरेन्ट	१६	०७३/१२/६	७०००
१८	चापागाइ सप्लायर्स	५	०७३/१०/२५	६६००
१९	रश्मि मदिरा पसल	५	०७३/७/१९	६५००
२०	सापकोटा इलेक्ट्रीक	९	०७३/१२/१४	६५००
२१	आर के टेन्स हाउस	१०	०७३/१२/२०	६५००
२२	दुर्गा अटो मोबाइल	१२	०७३/१०/४	६५००
२३	सुगम पेन्ट प्रालि	१२	०७३/१०/३	६५००
२४	न्यु मनकामना इलेक्ट्रीक	७	०६६/११/२५	६२००
२५	अनिशा खाजा घर	८	०६९/६/२८	५९००
२६	सफल इन्ठर प्राइजेज	७	०७१/५/२०	५७००
२७	आर आर प्रोभिजनल स्टोर्स		०६९/२/९	५५००
२८	लक्ष्मी मदिरा स्टोर	१०	०७४/६/४	५५००
२९	सागर किराना पसल	४	०७१/१०/१५	५४००
३०	जय विष्णु किरान स्टोर	६	६९/११/११	५४००
३१	जय वागेश्वरी किराना स्टीर्स	४	०७०/७/७	५३००
३२	हस्थी होटल	७	०६५/८/२	५३००
३३	कालिका स्टेशनरी	६	०७१/११/२०	५१००
३४	अन्नपुर्ण चाउमि उद्योग	२	०७५/३/४	५०००
३५	जय नभ रेडिमेट स्टोर्स	५	०७३/९/२५	५०००
३६	चाइना टाउन किराना पसल	६	०७३/११/९	५०००
३७	पौडेल भेराइटी स्टोर	९	०७३/१०/२०	५०००
३८	ज्ञवाली इन्टर प्राइजेज	१०	०७४/५/१३	५०००
			जम्मा	२९१२५०

१३. **कोभिड-१९ तर्फः**

आ.व २०७६।७७ को असाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण तथा नमुना छनौटको आधारमा श्रेस्ता परीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार रहेको छ।

आम्दनी स्रोत	रकम	खर्च शिर्षक	रकम
स्थानीय तहको आफ्नै वजेटवाट	५४०००००	राहत वितरण	४२३९३०७
संघिय कोभिड कोषवाट	२०१६७५	क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन	२४४४४५५
प्रदेश कोभिड कोषवाट	१००००००	औषधी एवं स्वास्थ्य उपकरण तथा	७६०९५१

		सामाग्री खरिद	
जिल्ला समन्वय समितीवाट	५०००००	आइसोलेसन केन्द्र निर्माण	८०००००
अन्य संघ सस्था व्यक्तिवाट	१११७१९९	जनशक्ति परिचालन	१५६५७७२
वडा कार्यालय शाखाको वजेट	४१९८९२७	अन्य शिर्षकमा भएको खर्च	१७८१९६४
		वाँकी	८२५३५२
	१२४१७८०१		१२४१७८०१

यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

- पालिकाले राहात वितरण गर्न खरिद गरेका खाद्यान्न सामाग्री तथा औषधी एवम् स्वास्थ्य उपकरण विना प्रतिष्पर्धा सिधै खरिद गरेको पाइयो।
- क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रमा खरिद गरीएका सम्पुर्ण सामाग्री हालसम्म पनि पालिकाको कार्यालयमा आइनपुगेकोले कार्यालयमा ल्याई उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ।
- सार्वजनिक खरिद नियमावली अनुसार अमानतवाट कार्य गराउदाँ रु१ लाख सम्मको कार्य एकपटकमा गराउन सकिने भएता पनि पालिकाले स्वास्थयकर्मी सहित वाहिरवाट भित्रिने मानिसहरुको व्यस्थापन गर्न अमानतवाट भुक्तानी दिने गरी जनशक्ती परिचालन गरी रु१५६५७७२।०० खर्च लेखेको छ।पालिकाले नियमको पालना गर्दै कार्यसम्पादन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

सामाजिक सुरक्षातर्फः

१४. **निस्क्रिय खाताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनससूचि ७ को बुंदा न ७ मा सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्य निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाइ दिनुपर्ने साथै अनुसुची ८ को बुंदा न १० मा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महनाभित्र सम्बन्धित स्थानीय तहलाइ दिनुपर्ने व्यवस्था छ । २०७७।११।१८ को मिति सम्ममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड मा वडा नम्बर १ देखि ९ सम्मका १८३ लाभग्राहिहरुको जम्मा रु.६६४८२४ र मेगा बैंक लिमिटेड मा वडा नम्बर १०,११,१२ र १८ नं वडाका २ लाभग्राहिहरुको जम्मा रु.१००१६४ गरि कुल जम्मा रु.७६४९८८ रकमको खाता निष्क्रिय रहेको वैकवाट प्रमाणित विवरण पालिकामा प्राप्त भएको छ।उल्लिखित निस्क्रिय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहिहरु सम्वन्धमा सम्वन्धित वडाबाट एकिन गरी नभएको अवस्थामा खातामा निस्क्रिय रहेको रकम असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने

७६४९८८

१५. **एउटै नागरिकता नम्बरवाट दोहोरो भुक्तानीः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को दफा १९ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक\वित्तिय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पार्दर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ।पालिकाले तपशिलको व्यक्तिहरूलाई दोहोरो नागरिकता नम्वर उल्लेख गरी सामाजिक सुरक्षा भत्ता भुक्तानी गरिएको छ। नागरिकता नम्बर दोहोरो उल्लेख गरी भत्ता वितरण गरिएकोले वास्तविक लाभग्राही पहिचान हुन सकेन।के कारणले नागरिकता नम्बर दोहोरिएको हो सो पहिचान गरि वास्तविक लाभग्राहि बाहेकको अन्य व्यक्तीलाई भत्ता वितरण भएको भए एकिन गरि असूल गर्नुपर्ने रु.

१२४८००

सि.न.	भुक्तानी पाउने	वडा नं	भत्ताको प्रकार	ना.प्र.नं.	प्रति चौमासिक	जम्मा रकम
१.	तुला कानु मगर	१८	ज्येष्ठ नागरिक	३६५२	१२०००	१२०००

२.	बद्धिसिहं सोनी मगर	१८	ज्येष्ठ नागरिक	३६५२	१२०००	१२०००
३.	बखान सिहं पाउली	१८	ज्येष्ठ नागरिक	३४९९५	१२०००	१२०००
४.	मान बहादुर सारु मगर	१८	ज्येष्ठ नागरिक	३४९९५	१२०००	१२०००
५.	प्रताप सिहं आलेमगर	१८	आंशिक अपाङ्ग	२२	६४००	६४००
६.	बहादुर आले	१८	आंशिक अपाङ्ग	२२	६४००	६४००
७.	दलबहादुर मश्राङ्गी	१०	ज्येष्ठ नागरिक	१००५-२८७	१२०००	१२०००
८.	माया मगरनी	१०	ज्येष्ठ नागरिक	१००५-२८७	१२०००	१२०००
९.	मनोनाथ कडेल	१०	ज्येष्ठ नागरिक	८६२५९	१२०००	१२०००
१०.	चन्द्री विक	१०	ज्येष्ठ नागरिक	८६२५९	१२०००	१२०००
११.	दुर्गा बहादुर सुनार	१०	ज्येष्ठ नागरिक	२९७	८०००	८०००
१२.	पुर्णमाया चुडाल	१०	एकल महिला	२९७	८०००	८०००
जम्मा						१२४८००

समानीकरण चालुः

१६. **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यो वर्ष वडा कार्यालय सञ्चालन र खाना तथा विविधमा रु- ५९ लाख ४५ हजार खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

१७. **आर्थिक सहायताः** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाको वित्तीय समानीकरण सामाजिक सहायता शिर्षकबाट रु.५५ लाख १५ हजार आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो। पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। पालिलकाको समानिकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा चालु आ. व. मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्

गो भौ न र मिति	आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम	सहायता रकम
५१/२०७६/०५/२६	सिता सुनार	५०००
५२/२०७६/०५/२६	नेपाल राष्ट्रिय भुतपुर्व सैनिक संघ	१५०००
५६/२०७६/०५/२६	नेपाल रेडक्रस सोसाइटी गैडाकोट आर्दश उपशाखा	१५०००
६०/२०७६/०५/२९	देवघाट वौद्धिक आध्यात्मिक सेवा परिषद	५०००
६५/२०७६/०५/३०	रिता शाही खत्री	५०००
६७/२०७६/०५/३१	वोम वहादुर क्षेत्री	५०००
६८/२०७६/०६/०१	थारु कल्याणकारी सभा	१५०००

८३/२०७६/०६/०६	थमलाल वि क	५०००
११९/२०७६/०६/१४	संयुक्त नेपाल अनाथ तथा असाहाय वालवालिका समाज	१००००
१२६/२०७६/०६/१४	प्रेम सुवेदी	१००००
१४२/२०७६/०६/१५	तुलसी थापा	५०००
१५४/२०७६/०६/२८	पार्वती आले	७०००
१५५/२०७६/०६/२८	लाल वहादुर वाचे मगर	७०००
१७२/२०७६/०७/०३	दुर्गा वहादुर घले	७०००
२०७/२०७६/०७/१९	माया सापकोटा	१२०००
२१६/२०७६/०७/२०	कृष्ण प्रसाद पौडेल नवलपरासी वहिरा संघ	१५०००
२५९/२०७६/०८/१०	मंगला देवी प्रा वि	५००००
२६०/२०७६/०८/१०	वावुराम श्रेष्ठ	१००००
२९९/२०७६/०८/२५	नेपाल रेडक्रस सोसाइटी	४००००
३२८/२०७६/०९/११	लालीगुरास टोल विकास सस्था	३००००
	जम्मा	२७३०००

यसरी विभिन्न व्यक्ति तथा संस्थालाई सहायता प्रदान गर्दा निश्चित मापदण्ड एंव कार्यविधि बनाई सोका आधारमा मात्र प्रदान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१८. **अनुत्पादक तथा वितरणमुखी खर्चः** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.१२ लाख ५९ हजार खर्च गरेको देखिन्छ।यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।

गो भौ न र मिति	**कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम**	**रकम**
१४/२०७६/०५/१२	रोटरी क्लव अफ गैडाकोटलाई शुभकामना छपाई वापत	१००००
११८/२०७६/०६/१४	आदिवासी जनजाती महासंघ लक्षीत कार्यक्रम	९००००
१४७/२०७६/०६/२८	सास्कृतिक महोत्सव अमरापुरी युवा क्लव	२५०००
१९६/२०७६/०७/०८	गैडाकोट फुटवल क्लव खेलकुद प्रतियोगिता	५००००
२५८/२०७६/०८/१०	सृजना महिला समुह	१६५५५५
२७४/२०७६/०८/१२	टोल विकास सस्थालाई ६वटालाई २५००० का दरले	१५००००
२८६/२०७६/०८/१७	गैडाकोट खेलकुद समितीलाई खेलकुद सामाग्रीको विल भुक्तानी	३००००
२९७/२०७६/०८/२०	खडक वहादुर केडरुङ	११०००
३२७/२०७६/०९/११	वडा टोल विकास सस्थालाई सस्था सुदृढीकरण वापत	१८००००
३२९/२०७६/०९/११	कालिका नौमती वाजा संरक्षण	५००००
३३६/२०७६/०९/११	नेपाल पत्रकार महासंघ	२५०००
३९९/२०७६/१०/०२	गैडाकोट एकिकृत वहुउद्देश्यीय सहकारी सस्था	१००००
६१४/२०७६/१२/०३	गैडाकोट खेलकुद समिती उपमेयरकप छात्रा फुटवल प्रतियोगिता	२१२४५५
७९२/२०७७/०३/०२	नारायणी यसवा क्लवलाई खेलकुद कार्यक्रम वापत	१०००००
८९७/२०७७/०३/२२	सिद्धि विनायक नौमती वाजा संरक्षण	५००००
९३२/२०७७/०३/२४	गैडाकोट व्याट्मीन्टन क्लव खेलकुद प्रतियोगिता	१०००००
	जम्मा	१२५९०१०

१९. **स्वीकृत दरवन्दी वेगरको करार सेवाः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा अन्य रुपमा कर्मचारीहरु राखी तलव भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत

	भई भुक्तानी गर्ने पदाधिकारीबाट असूल उपर गर्नुपर्ने व्यवस्था गरेको छ।नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ र ८७ तथा मन्त्रालयबाट जारी भएको उपरोक्त कार्यविधिमा उल्लिखित विपरीतको विभिन्न पदमा ३८ जनालाई करार तथा ज्यालादारीमा नियुक्त गरी मासिक जम्मा रु.८ लाख ७३ हजारका का दरले तलब सुविधा तोकी दशै खर्च (ज्यालादारी वाहेक) समेत १३ महिनाको रु१११५२३२०।०० भुक्तानी भएको देखिन्छ। पालिकाले दरवन्दी स्विकृत गरी पदपुर्ती गर्नेतर्फ ध्यान दिनुपर्दछ। *कार्यलियको भनाईः कार्यालमा कार्यरत जनशक्तिले मात्र कार्यलयको सेवा प्रवाह गर्न कठीनाई भएकोले अत्यावश्यक पदमा साविकमा कार्यरत जनशक्तिलाई निरन्तरता दिई करार सम्झौता नविकरण गरी सेवा प्रवाह गरेको र सोहीवमोजिम कार्यलयले व्यवस्थापन तथा सर्वेक्षण गरी स्वीकृतिको लागि मन्त्रालयमा पठाउने तयारी भईकरहेको कार्यालयको भनाई रहेको छ।*	
२०.	**अन्य कार्यालयको खर्चः** स्थानिय तहले खर्च गर्दा मितव्ययी तवरले खर्च गर्नुपर्दछ पालिकाले भौ नं ७६५।०७७।०२।३०वाट जिल्ला सहकारी संघको सामाग्री खरिदवापत भएको भुक्तानी रु१०००००।०० र भौ नं २३१, ५३१ र ७२३ वाट इलाका प्रहरि कार्यालयको खानेपानी विल भुक्तानी तथ समान खरिद गरी रु १९६९४४।०० खर्च लेखेको छ।नगरपालिकाको आफ्नो सम्वन्धित कार्यलय वाहेकका अन्य कार्यालयको कार्यक्रम खर्च तथा मर्मत सम्भार गर्न सोही कार्यालयवाट वजेट व्यवस्था हुने र सोही कार्यालयवाट नियमानुसार खर्च गर्ने भएकोले नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।	
२१.	**भुक्तानी दिन वाँकीको कच्चावारी वेगर भुक्तानीः २३।२०७६।०५।१७** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ७ अनुसार चालु वर्षको वजेटले नखाम्ने गरी वढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुदैन।तर विशेष कारण एवम् परिस्थितीवस उपनियम ८ मा उल्लेखित शिर्षकहरुमा चालु वर्षको वजेटले नखामेक खर्च व्यहोर्नु पर्ने भएमा विल भरपाई वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिन पर्ने कारण खोली महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन वाँकीको कच्चावारीमा चढाई श्रावण १५ गते भित्र कार्यालय प्रमुखवाट प्रमाणित गराई अर्को आर्थिक वर्षमा भुक्तानी दिनुपर्नेमा कार्यालयले भुक्तानी दिन वाँकीको कच्चावारीवेगर गत आ व को फोहोरमैला उठाएवापतको गाडीभाडा भनि रु १०८५००।०० भुक्तानी दिएको छ। पालिकाले कानुनको पालना गरी कार्य गर्नुपर्दछ।	
२२.	**रितपुर्वकको कर विजकः** २१५।०७६।०७।२०मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले नगरपालिकाको भेडावारीदेखी दमार सम्मको वाटो मर्मत गर्दा वि के सप्लायर्सलाई नरम माटो खन्ने नगर दररेट रु५८।०० मा मु अ कर जोडी प्रतिघनमिटर रु ६५.५४ का दरले ८५७ घनमिटरको रु५५०००।०० भुक्तानी गरेकोमा मु अ कर विजक पेश नभएकोले मु अ कर वरावरको रकम असुल गर्नुपर्ने रु	५२९४
२३.	**सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाख भन्दा वढीको खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने तथा नियमावलीको नियम ३१ मा रु २० लाख भन्दा वढीको खरिद गर्दा वोलपत्रको माध्यमवाट गर्नुपर्नेमा सो नगरी देहायका एकै तथा बिभिन्न फर्महरुबाट कार्यालय सामाग्री तथा छपाई कार्य सिधै खरिद गरिएको तथा सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्तासंग सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख भएकोमा नियमावलीमा भएको व्यवस्थाको विपरीत हुने गरी एउटै फर्मसँग पटक पटक खरिद भएकोले उक्त रकम अनियमित देखिएको रु....	

भौ नं	खरिदको विवरण	भुक्तानी गरिएको फर्म	भुक्तानी रकम
५७/०७६/०५/२६	विविध सामाग्री छपाई	क्वालिटी प्रेस चितवन	२२९४००
५७/०७६/०५/२६	विविध सामाग्री छपाई	स्मार्ट प्रिन्टीङ एण्ड प्याकेजिङ प्रा लि	२४१२८६
११०/०७६/०६/१३	कार्यालय समाग्री छपाई	स्मार्ट प्रिन्टीङ एण्ड प्याकेजिङ प्रा लि	९५४४४
१९९/०७६/७/०८	कार्यालय समाग्री छपाई	स्मार्ट प्रिन्टीङ एण्ड प्याकेजिङ प्रा लि	२९९६७६
३१४/०७६/०८/३०	कार्यालय समाग्री छपाई	स्मार्ट प्रिन्टीङ एण्ड प्याकेजिङ प्रा लि	९९१८८
६५१/०७६/१२/३०	कार्यालय समाग्री छपाई	क्वालिटी प्रेस चितवन	१२८०९०
	जम्मा		१०९३०८४

१०९३०८४

२४. **गाडी भाडामा भुक्तानीः** स्थानिय तहले खर्च गर्दा मितव्ययी तवरले खर्च गर्नुपर्दछ। पालिकाको स्वामित्वमा आ व २०७६।७७ मा दुई वटा गाडी सञ्चालनमा रहेको भएता पनि विभिन्न समयमा कार्यालय प्रयोजन भनि गाडी भाडामा लिई भुक्तानी गरेको छ। पालिकाले गाडि धनीसंग गरेको सम्झौतामा स्पष्ट प्रयोजन नखुल्ने तथा भाडाको गाडी कहाँ प्रयोग भएको भनी स्पष्ट गरेको छैन। साथै अनुगमन मुल्यांकन भनी गाडी भाडा भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन तथा कुन कुन योजनाको अनुगमनमा गएको भनी नखुलेको र अनुगमनमा सहभागी भएका कर्मचारी तथा पदाधिकारीको विवरण समेत उल्लेख गरेको छैन। पालिकासंग दुई सवारी साधन हुदाँ हुदै दैनिक भाडा रकममा सम्झौता गरी गाडी भाडा भुक्तानी गर्नुले पालिकामा थप व्ययभार सिर्जना भएको देखिन्छ। पालिकाले यस्तो खर्च गर्ने प्रवृतिमा नियन्त्रण गर्नुपर्ने देखिन्छ। केहि उदाहरण निम्नवमोजिम रहेका छन।

गो भौ नं मिती	सवारी नं	प्रायोजन	भुक्तानी रकम
१४५/०७६/०६/२८	से १ च १३८४	कार्यालय प्रयोजन	२७०००
३१९/०७६/०९/०१	वा १९ च ३५४६	कार्यालय प्रयोजन	१२०००
३७५/०७६/०९/२१	४०५३	योजना अनुगमन	१२०००
५५३/२०७६/११/१४	से १ च १३८४	अनुगमन मुल्यांकन	११२००

२५. **परामर्श सेवाः** ९०७,९०९।२०७७।०३।२२ सार्वजनिक खरिद ऐन २०६३ को दफा २९(१) मा सार्वजनिक निकायले सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति फर्म सस्था वा कम्पनीवाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था भएकोमा पालिकामा कार्यरत जनशक्तिवाट काम हुन सक्ने नसक्ने सम्वन्धमा कुनै स्पष्ट नगरी नारायणी ट्रेनिङ एण्ड इन्जिनियरिङ प्रा लि संग रु३९७७६०।०० र सेभेन स्टेट्स इन्जिनियरिङ सर्भिस संग रु ४९१७७६।०० गरी जम्मा रु ८८९५३६।०० भुक्तानी गरेको रकम गरेको छ। पालिकावाट हुन सक्ने नसक्ने सम्वन्धमा एकिन गरी एकै प्रकृतिका कार्यालई प्याकेज वनाई खरिद गर्नुपर्दछ।

२६. **खर्चको विल भरपाई नभएकोः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा सोलाई प्रमाणित गर्ने खर्चको बील भरपाई तथा रीत पुगे नपुगेको जाँच गरी लेखा राख्नुपर्नेमा कार्यालयले समानीकरण चालु खर्चवाट देहायका विधालयलाई विभिन्न शिर्षकमा अनुदान दिएको छ। अनुदान वितरण भईसकेपछी अनुदानको उपयोग भयो वा भएन भनी पालिकाले अनुगमन गरेको देखिएन। पालिकाले अनुदानको सही प्रयोग गर्ने गरी अनुगमन गनर्पर्दछ।

गो भौ नं मिति	खर्चको विवरण	खर्च रकम
४१७/२०७६/१०/०७	विजय आधारभुत विद्यालयलाई अनुदान	२०००००
४६९/२०७६/१०/२०	कुमारवर्ती आधारभुत विद्यालयको गाडी भाडा भुक्तानी	२०००००
८७७/२०७७/०३/१८	महेन्द्र स्मारक विद्यालयको गुणस्तर सुधार वापत भुक्तानी	१६००००
९७१/२०७७/०३/२७	३५ सामुदायीक विद्यालयलाई रङरोगन गर्न भुक्तानी	२७००००

<table>
<tr><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>८३००००</td></tr></table></td><td></td></tr>
<tr><td>२७.</td><td>स्विकृत नर्म्स वेगर खर्चः ७३७/२०७७/०२/२५ सार्वजनिक खरिद नियमावलिको नियम १२(१) अनुसार सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा स्विकृत नर्म्स वमोजिम तथा परामर्श सेवाको कार्यक्षेत्रगत शर्तका आधारमा तयार गर्नुपर्ने एवम् नियम ६९(छ) मा परामर्शदाताले काम सुरु गर्ने र सम्पादन गरिसक्नुपर्ने समय सहितको कार्यक्षेत्रगत शर्त तयार गरी प्रतिष्षर्धात्मक तरिकावाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष Making of research and development of municipality service management system for Gaindakot municipality office (Master plan for smart city) तयार गर्न स्मार्ट सिटी टेक्नोलोजी प्रा लि संग सम्झौता गरी रु१८०१२५३।०० भुक्तानी गरेको छ। पालिकाले तयार तथा स्विकृत गरेको कार्यक्षेत्रगत शर्तको वुँदा नं ६ मा Time period for the assingmet मा ६० दिन उल्लेख गरेकोमा पालिकाले लागत अनुमानमा परामर्शदाताको मुख्य जनशक्ति सहित ४ जनाको पारिश्रमिक ४ महिनाको राखि लागत अनुमान स्विकृत गरी भुक्तानी गरेको छ। त्यस्तै पालिका र परामर्शदाताविच भएको सम्झौतामा सम्झौता मिती र कार्यसमम्पन्न गर्नुपर्ने मिती उल्लेख नभएकोले काम कहिले सुरुवात भएको र कुन अवधिसम्म सम्पन्न भयो भनी एकिन गर्न सकिएन। लेखापरीक्षणको क्रममा परामर्शदातावाट पेश भएको सक्कल प्रतिवेदन माग गर्दा जिन्सी, लेखा तथा दर्ता शाखामा समेत सोको अभिलेख नगरी सक्कल प्रति संघिय तथा प्रदेश मन्त्रालयमा पेश गरेको र कार्यालयमा कम्प्युटर प्रति मात्र उपलव्ध रहेको कार्यालयको भनाई रहेकोले के कती समय काम भयो र कहिले प्रतिवेदन प्राप्त भयो वा भएन भनी एकिन गर्न सकिएन। यसरी लागत अनुमानदेखी प्रतिवेदनको अभिलेखसम्मको विभिन्न चरणमा कानुनको व्यवस्था विपरित भएको कार्य नियमसम्मत नदेखिएको रु</td><td>१८०१२५३</td></tr>
<tr><td>२८.</td><td>कर कट्टी नगरी भुक्तानीः ८७९।०७७।०३।१८ आयकर ऐन २०५८ अनुसार नियमित रुपमा नभई पटके रुपमा प्राप्त गर्ने वैठक भत्ता लगायतका अन्य भत्तामा १५ प्रतिशत अग्रिम करकट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले नगरपालिकामा कार्यरत ८६ जना कर्मचारीहरुलाई लकडाउनको समयमा कार्यालयमा उपस्थित भई कार्य गरेवापत शुरु तलव स्केलको २५ प्रतिशत जोखिम भत्ता रु१४९८७७५।०० भुक्तानी गर्दा १५ प्रतिशतका दरले करकट्टी गरी भुक्तानी गर्नुपर्नेमा १ प्रतिशत मात्र कट्टी गरी भुक्तानी गरेकोले १४ प्रतिशत नपुग कर रु२०९८२८।०० सम्वन्धित व्यक्तिवाट दामासाहीले असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्नेमा प्रतिक्रियासाथ रु१७५०२१।०० असुल भई दाखिला भएकोले वाँकी रु ३४८०७ असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>३४८०७</td></tr>
<tr><td>२९.</td><td>पाउनुपर्ने छुट नलिएको सार्वजनिक निकायहरुकले सुचना तथा जानकारीमुलक सन्देश प्रेशित गर्दा राष्ट्रिय दैनिक गोरखापत्रमा २५ प्रतिशत र अन्य दैनिकमा प्रकाशन गर्दा वील रकमको १५ प्रतिशत छुट हुने व्यवस्था रहेको छ। पालिकाले न्युवल्ड भिजन एड्भटाइजिङ एजेन्सीलाई सुचना प्रकाशनको जिम्मा दिइएकोमा २०७६।१०।१९ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सुचना प्रकाशन भएको पाइयो। सो काम सम्पन्न भई रु१५५२२५।०० को विल भुक्तानीमा नियमानुसार पाउने छुट नलिई पुरै भुक्तानी गरेको पाइयो। पालिकाले यसरी भुक्तानी दिँदा पाउनुपर्ने सुविधा लिएर मात्र विजकको भुक्तानी गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td></td><td>नगरपालिका कृषि पशु सहकारीः</td><td></td></tr>
<tr><td>३०.</td><td>कृषि तथा पशुमा अनुदानः सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन्<table><tr><th>भौ नं</th><th>विवरण</th><th>अनुदान रकम</th></tr><tr><td>३६०</td><td>युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम</td><td>१५२०००</td></tr></table></td><td></td></tr>
</table>

७३४	अमरापुरी माहुरी पालन कृषकलाई माहुरी सहितको घार अनुदान	३०००००
८९६	५० प्रतिशत लागत साझेदारीमा कृषि औजार अनुदान	४९३५००
९२३	आदिवासी जनजाती महासंघलाई वाखा र वंगुर वच्चा अनुदान	१००००००
९४८	मुकुन्दसेन पशुपालन तथा कृषि फार्मलाई औषधी खर्च अनुदान	३७२०००
	जम्मा	२३१७५००

यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् :

अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन। अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी वनाई दोहोरो) संघ, प्रदेश तथा स्थानीय तह (परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन ।

वित्तीय समानीकरण पूँजीगतः

३१. **उपभोक्ता समिति छनौटः** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन। यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन। यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राहि समुह छनौट गर्दा उक्त नियमावलिको व्यवस्था पालना गरि पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ।

३२. **अधुरा योजनाः** नगरसभाले आ.व.२०७५|७६ का लागि सोही आ.व.मा सम्पन्न गर्ने गरी छनौट र वजेट विनियोजन गरेका सालबसाली योजनाहरु सोही आ.व.मा सम्पन्न र भुक्तानी नगरी रु ११ करोड २६ लाख ४४ हजारका १६२ योजनाहरु पुन नगरसभाले आ.व.२०७६|७७ मा समपन्न गर्ने गरी योजना सारी यस आ.व.मा खर्च गरेको छ भने आ.व. ०७६|७७ को नगर सभाले योजना छनोट र विनियोजन गरेका योजनाहरु मध्ये यस आ.व.मा सम्पन्न हुन नसकेका रु१८ करोड ८१ हजारका २८५ वटा योजनाहरु यस आ.व.को नगरसभाले आ.व.२०७७|७८ मा सम्पन्न गर्ने गरी योजना सारेको देखिन्छ। सालवसाली रुपमा सम्पन्ने गर्ने गरी छनौट भई वजेट विनियोजन भएका योजनाहरु सम्वन्धित आ.व.मा सम्पन्न नगरी योजना सार्ने प्रचलनले पछिल्लो आ.व. को योजना छनौट,संचालन र खर्च व्यवस्थापनमा समस्या पर्ने देखिन्छ। साथै पालिकाले यस्तो कार्यका कारण योजना छनोट र वजेट विनियोजन र खर्च व्यवस्थापनमा तालमेल भएको देखिएन। योजना छनोट र वजेट विनियोजनमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

३३. **जटिल प्रकृतिका कार्य उपभोक्ता समितिवाट गराएकोः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९) मा उपभोक्ता समितिवाट निर्माण वा संचालित हुने निर्माण कार्यमा एक्जाभेटर ,डोजर,लोडर जस्ता मेशिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेशिन प्रयोग

गर्नुपर्ने भनि प्राविधिकवाट सिफारिस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिकाले अधिकांश ग्रामिण सडक निर्माणमा मेसिनवाट काम गराउने भनि लागत अनुमान तयार गरि उपभोक्ता समिति सँग सम्झौता गरि मेसिन प्रयोग गरी काम गराएको देखियो ।उक्त वाटो गुणस्तरयुक्त भए नभएको सम्वन्धमा गुणस्तर परीक्षण समेत गराएको देखिएन जसले गर्दा उपभोक्ता समितिवाट गराइएको कालोपत्रे कार्य गुणस्तर युक्त भए नभएको एकिन गर्न सकिएन ।श्रमप्रधान काम उपभोक्ता समितिसँग गराउनुपर्ने नियमावलीको मनसाय भएतापनि अधिकांश वाटो निर्माणको काम मेसिनवाट गर्ने गरी लागत अनुमान तयार गरी काम गराएवाट मेसिन प्रयोग नहुने काम उपभोक्तावाट गराउने नियमको मनसाय पालना भएको देखिएन ।केही उदाहरण निम्नानुसार रहेका छन्

गो.भै.न र मिति	योजनाको नाम	लागत अनुमान	खर्च रकम	कैफियत
८२/०७६/७/८	गंगाधाम मार्ग वाटो कालोपत्रे वडा नम्वर १	१२७२२०७	१२०००००	
१५६/०७६/८/२०	महादेव मन्दिर देखी राजेन्द्र श्रेष्ठको घर सम्मको वाटो कालोपत्रे	४९६९१८४	५००००००	
१७२/०७६/८/३०	सरस्वती स्कुल देखी कालिका चोकवाट गैंडा चोक हुँदै कांग्रेस चोक देखी गणेश मन्दिरसम्म वाटो कालोपत्रे	८१९१४६१	६३०००००	

उपभोक्ता समितिले स्थानीयस्तरमा जनसहभागिता जुटाउन सक्ने श्रम प्रधान कार्य भन्दा वाहिरका कार्य गर्ने प्रवृतिमा सुधार गर्नु पर्दछ ।

३४. **खरिद गरिएको विटुमिन प्रयोगमा नदेखिएको:** १७२।०७६।८।३०- सरस्वती स्कुल देखी कालिका चोकवाट गैंडा चोक हुँदै मसारे चोक र कालिका चोक हुँदै कांग्रेस चोक देखी गणेश मन्दिरसम्म वाटो कालोपत्रे वापतको वाटो कालोपत्रे गरेवापत कालिका विधापिठ मार्ग उपभोक्ता समितिलाई रु.१५०००००।०० पेश्की फर्स्यौट समेत रु.६३०००००।०० खर्च लेखेकोमा फाइल परीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

३४.१. वाटोमा ट्याक कोट ,प्रिमिक्स कार्पेट र प्रिमिक्स गरी स्यान्डसिल गर्ने कार्यको लागि प्राविधिक मुल्याङकन तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार ४४२८० के.जी. विटुमिनकको मुल्य अभिवृद्धि कर समेत प्रति के.जी. रु.८४।७५ का दरले रु.३७५२७३०।०० मुल्याङकन भएकोमा उपभोक्ताले पेश गरेको विल अनुसार ५४३८० के.जी. को रु. ८४।७५ का दरले ४६०८७०५।०० को विल पेश गरेकोले खरिद गरिएको विल अनुसार १०१०० के.जी. विटुमिन प्रयोगमा आएको दखिदैन ।यसरी प्राविधक मुल्याङकन तथा कार्यसम्पन्न प्रतिवेदन अनुसारको विलभर्पाइ राख्ने तर खरिद गरिएको पुरै परिमाण प्रयोगमा नआएको देखिदा प्रयोगमा नआएको रु.८५५९७५।०० वरावरको रकममा जनसहभागितको अंश २३.६३ प्रतिशतले हुन रु.२०२२६७।०० कट्टा गरी वढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समिति संग अशुल गर्नुपर्ने रु ६५३७०८

३४.२. आर्थिक ऐन अनुसार उपभोक्ता समितिलाई भुक्तानी भएको रु ५० लाख भन्दा वढीको भुक्तानीमा १.५ प्रतिशतले अग्रिक कर कट्टा गर्नुपर्नेमा सो अनुसार रु.६३०००००।०० को भुक्तानीमा रु.९४५००।०० कट्टा गर्नुपर्नेमा रु.८५५१५।०० मात्र कट्टा गरेकोले नपुग कर अशुल गरी राजस्व खातामा दाखिला गर्नुपर्ने रु......... ८९५५

३५. **मुल्य अभिवृद्धि करमा दर्ता नभएका फर्म संग खरिद:** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयवाट स्थायी लेखा नम्वर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म सँस्था वा कम्पनीवाट मात्र खरिद गर्नुपर्ने र २(क) मा रु.२० हजार भन्दा वढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउदा मुल्य अभिवृद्धि करमा दर्ता भएको सँग मात्र खरिद तथा निर्माण कार्य गराउने व्यवस्था भएकोमा पटक पटक रु,२००००।०० भन्दा कमको विल राखी निम्नानुसारको फर्मसँग उपभोक्ता समितिले खरिद गरेको विल पेश भएकोमा उक्त फर्महरु मु.अ.करमा दर्ता भएको देखिएन जसले गर्दा सरकारलाई मुल्य अभिवृद्धि करवापत प्राप्त हुनसक्ने राजस्व गुम्न

गएको देखिन्छ ।कार्यालयले यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

गो.भा.न र मिति	फर्मको नाम	स्था.ले.नम्वर	विल संख्या	रकम
१०/०७६/५/१७	शिवम सप्लायर्स	६०७४३१७३३	३३	६५३४००
	कुमार सप्लायर्स	६०६२९६४०९	२८	५५४४८०
५५/०७६/६/४	शिवम सप्लायर्स	६०७४३१७३३	२३	४४५४००
	कुमार सप्लायर्स	६०६२९६४०९	२३	४५५४००
	गुरुङ सप्लायर्स		२३	४५५४००
२१७/०७६/९/३०	ए आर सप्लायर्स	६००३३३१४०	६५	९४२०००
	कन कन्या निर्माण सप्लायर्स	६०७१५८६९६	१९	३४९६००
	कन कन्या निर्माण सप्लायर्स	६०७१५८६९६	विभिन्न	६८२०००
३८७/०७७/२/६	मनकामना सप्लायर्स		३७	९०५५००
४९/०७६/६/१०	एस के सप्लायर्स	६०६५०७९४१	९५	१८५२५००

३६. **स्वीकृत नर्म्स भन्दा वढी भुक्तानीः** नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागबाट वि स २०७३ मा जारी भएको नर्म्स अनुसार दक्ष तथा अदक्ष कामदारले गर्ने निर्माण कार्यको हकमा दर विश्लेषण गर्दा टुल्स एण्ड प्लान्टको दरमा कायममा सोमा प्रयोग हुने ज्यामीको रकमको ३ प्रतिशतले हुने रकम टुल्स एण्ड प्लान्टको दरमा कायम गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले उपभोक्ता समितिबाट हुने निर्माण कार्यको दर विश्लेषणमा कामदारको ज्यालाको मात्र नभई निर्माण सामाग्रीको मूल्यको समेत ३ प्रतिशत रकम समावेश गरी दर विश्लेषण गरेको पाइयो। यसरी स्विकृत नर्म्स भन्दा वढी दर राखी भुक्तानी भएको रकम सम्वन्धीत उपभोक्ता समितीवाट असूल गर्नुपर्ने रु ६८८९३२

गो.भौ. न र मिति	योजनाको नाम	कामको विवरण	घ.मी	ज्यामी ज्याला	भुक्तानी हुनुपर्ने दर	भुक्तानी भएको दर	फरक दर	वढी भुक्तानी
३६/०७६/५/३०	वसेरी खानेपानी टयाङकी निर्माण	p:c:c 1:1.5:3 mix ratio	२५.६४	२२९४	६८.८२	३४२.९८	२७४.५६	७०३९
२४७/०७६/१०/९	वाटो स्तरोन्नतीको कार्य	stone masonary work 1:4 mix ratio	१०६	१८३२	५४.९७	२५९.८७	२०४.८८	२७७१७
२५६/०७६/१०/१०	वरचुली अमृत मार्ग	stone masonary work 1:4 mix ratio	३५	१८३२	५४.९७	२५९.८७	२०४.८८	६१४९
२६४/०७६/१०/१९	समसारी पोखरी सम्म वाटो निर्माण	stone masonary work 1:4 mix ratio	४२	१८३२	५४.९७	२५९.८७	२०४.८८	८६०७
४९/०७६/६/१०	भल निर्माण योजना	p:c:c for rcc 1:2:4 mix ratio	३२४	१७३८	५२.१३	२८७.८३	२३५.६९	७६३६४
४९/०७६/६/१०	भल निर्माण योजना	p:c:c for rcc 1:2:4 mix ratio	३२.४	१८३२	५४.९७	२५९.८७	२०४.८७	६६३९
५५/०७६/६/१४	वेलटाँडी मार्ग	stone masonary work in c/s mortar	८८.५४	१८३२	५४.९७	२५९.८७	२०४.९	१८१३३
७१/०७६/७/१	रतनपुर स्वास्थ्य चौकीमा प्रसुतिगृह निर्माण	stone masonary work 1:4 mix ratio	३२.८४	२००७	६०.२	३६२.५७	३०२.३७	९९३०
१०७/०७६/७/२८	कृषि मार्ग वाटो स्तरोन्नती	brick work in c/s mortar	१९२	१८३२	५४.९६	२५९.८७	२०४.९१	३९३४१
२८६/०७६/१०/२६	गणेश मार्ग वाटो स्तरोन्नतीको मार्ग	stone masonary work 1:4 mix ratio	१५९	१८३२	५४.९९	२५९.८७	२०४.८८	३२५७६
३०९/०७६/११/४	स्वास्थ्य चौकी तथा भवन निर्माण	stone masonary work 1:4 mix ratio	१२५.८४	१८३२	५४.९७	२५९.८७	२०४.९१	२५७८५
३२०/०७६/११/७	नाला निर्माण	stone masonary work 1:4 mix ratio	२२.७७	२००७	६०.२	३७४.५३	३१४.३३	७१५७
३४४/०७६/११/१९	अमर ज्योति मा.वि.	brick work in c/s mix ratio 1:4	३३.७५	२००७	६०.२	३६२.५७	३०२.३७	१०२०५

	विधालय निर्माण							
३४५/०७६/११/९	रत्न राज्य मा.वि. भवन निर्माण	brick work in c/s mix ratio 1:4	४५.९९	२००७	६०.२	३६२.५७	३०२.३७	१३९०६
२१७/०७६/९/२०	शुभचोक नवदुर्गा वाटो निर्माण	brick work in c/s mix ratio 1:4	३९३.१२	१८३२	६०.७२	२७०.२२	२०९.५	८२३५९
३७०/०७६/१२/५	मुकुन्दपुर भेडावारी कुलो वांध निर्माण	stone masonary work 1:4 mix ratio	१२०	१८३२	५४.९६	२५९.८७	२०४.९१	२४५८९
३८७/०७७//६	विपन्न परिवारलाई तारपोल निर्माण र ग्राभेल कार्य	stone masonary work 1:4 mix ratio	१५७.५	१८३२	५४.९९	२५९.८७	२०४.८८	३२२७३
३९१/०७७/२/७	कम्पाउण्ड वाल दमार टोल	stone masonary work 1:4 mix ratio	१२३.१२	१८३२	५४.९७	२५९.८७	२०४.९	२५२२९
३९३/०७७.२.७	जयन्ती टोल सुधार समिति ढल निर्माण	stone masonary work 1:4 mix ratio	१४७	१८३२	५४.९७	२५९.८७	२०४.९१	३०१२१
३९६/०७७/२/७	सितल टोल सितल मार्ग उपभोक्ता समिति वाटो ग्राभेल	stone masonary work 1:4 mix ratio	४०	१८३२	५४.९७	२५९.८७	२०४.९१	८१९६
४०१/०७७/२/८	कुमारवर्ति टोल विकास सँस्था नाला निर्माण	stone masonary work 1:4 mix ratio	७३.७	२२०७	६०.२	३६२.५७	३०२.३७	२२२५४
४०२/०७७.२.८	भेलनटाँडी सिंचाइ उपभोक्ता समिति सिंचाई कुलो निर्माण	brick work in c/s mix ratio 1:4	७२	१८३२	५४.९७	२५९.८७	२०४.९१	१४७५५
४०३/०७७/२/८	हनुमान मन्दिर चक्रपथ उ.स. वाटो निर्माण तथा मर्मत	stone masonary work 1:4 mix ratio	३१.८५	१८३२	५४.९७	२५९.८७	२०४.९१	६५२६
४०८/०७७/२/१७	राधाकृष्ण मन्दिर स्नानघाट निर्माण	stone masonary work 1:4 mix ratio	७०	१८३२	५४.९७	२५९.८७	२०४.९१	१४३७३
४४३/०७७/२/२७	पिपलवोट देखी मनकामना मोटर मार्ग	stone masonary work 1:4 mix ratio	७२.८	१८३२	५४.९७	२५९.८७	२०४.९१	१८९१९
४८७/०७७/३/७	स्नानघाट निर्माण	stone masonary work 1:4 mix ratio	४३.७५	१८३२	५४.९७	२५९.८७	२०४.९१	८९६५
५०१/०७७/३/९	सुनवर्षा समसानघाट निर्माण	stone masonary work 1:4 mix ratio	६२.४	१८३२	५४.९७	२५९.८७	२०४.९१	१२७८६
५४०/०७७/३/२१	संखदेवि आधारभुत विधालय कम्पाउण्ड वाल निर्माण	brick work in c/s mix ratio 1:4	२५.०३	२००७	६०.२	३६२.५७	३०२.३७	१८२०३
५४८/०७७/३/२१	पञ्च ज्याति विधालय पर्खाल निर्माण	brick work in c/s mix ratio 1:4	२७.५४	२००७	६०.२	३६२.५७	३०२.३७	८३२७
५९३/०७७/३/२६	वडा नं २ को कृषि वाटो निर्माण समिति	stone masonary work 1:4 mix ratio	४८	१८३२	५४.९७	२५९.८७	२०४.९१	९८३६
६१६/०७७/३/२८	खेत इटा वेलवास सडकमा वाल निर्माण	stone masonary work 1:4 mix ratio	१०४	१८३२	५४.९७	२५९.८७	२०४.९१	२१३११
६२९/०७७/३/२९	जयन्ती सिंचाइ ज.उ. स.सिचाइ कुलो निर्माण	cement concrete work in super structure m20 1:1.5:3	७५.७५	२५३३	७६	३५२.७१	२७६.६९	२०९५९
६३३/०७७/३/२९	मुकुन्द सेन पार्क निर्माण उ.स. वडा नं १४	stone masonary work 1:4 mix ratio	९४.६४	१८३२	५४.९७	२५९.८७	२०४.९१	१९४०३
	जम्मा							६८८९३२

३७. **वढी मुल्याङकनः** ५२।०७६।६।१३- सृजनसिल टोल विकास सँस्था गैंडाकोटलाई विधुत विस्तार कार्यको लागि रु.४०५०५९।०० को प्राविधिक मुल्यांकन तथा कार्यस्वीकार प्रतिवेदनको आधारमा रु.४०५०५९।००

	खर्च लेखेकोमा ०.०५ acsr विधुतीय तार ३.३० कि.मी. को प्रति कि.मी. मुल्य अभिवृद्धि कर समेत रु.६२१५०।०० का दरले मुल्याङकन भएकोमा सँस्थाले पेश गरेको प्रभा विधुतीय इम्पोरियमको विल अनुसार २.५ कि.मी. को विल मात्र संलग्न भएकोले ०.८० कि.मी. को रु.४९७२०।०० वढी मुल्यांकन भइ भुक्तानी भएको देखिएकोले अशुल गर्नुपर्ने रु	४९७२०
३८.	**अनुपातिक कट्टी नगरेकोः** वार्ड नम्वर १० मा डिपट्युववेल निर्माणका लागि कार्यालयवाट रु.३८८०००।०० र उपभोक्ता समितिवाट रु. ५२८६७।०० को व्यहोर्ने गरी सम्झौता भएकोमा रु.४२६३१७।५७ को प्राविधिक मुल्याङकन र कार्यस्वीकार प्रतिवेदन पेश भएको आधारमा रु.३८८०००।०० भुक्तानी भएकोमा फाइल परीक्षण गर्दा दिखिएका व्यहोरा निम्नानुसार रहेका छन ।	
३८.१.	सार्वजनिक खरिद नियमावली,२०६४ को को नियम ९७ (४) मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ विल र मुल्याङकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायवाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।उपभोक्ता समिति मार्फत गराएको यस कार्यको कार्यस्वीकार प्रतिवेदन र प्राविधिक मुल्याङकन रु.४२६३१७।५७ भएकोले सम्झौता भन्दा कम मुल्याङकन भएकोमा कार्यालयवाट व्यहोर्ने अंश ८८ प्रतिसतले हने रु.३७५१५९।०० भुक्तानी दिनुपर्नेमा रु.३८८०००.०० भुक्तानी दिएकोले वढी भुक्तानी दिएको अशुल गर्नुपर्ने रु.....	१२४८०
३८.२.	डिप ट्युववेल निर्माणमा मुल्य अभिवृद्धि कर रु.४४३४६।११ समेत रु.३८५४७०।०१ को मुल्याङकन भएकोमा रु.३५७५०।०० मुल्य अभिवृद्धि कर समावेस भएको विल पेश भएकोले वढी भुक्तानी भएको मुल्य अभिवृद्धिकर अशुल गर्नुपर्ने रु	८५९६
३९.	**मु.अ.कर भुक्तानीः** ११७।०७६।८।२- शिव शक्ति कृषि समुहलाइ डिप वोरिङ सिंचाइ आयोजना वडा नम्वर १० को कार्यसम्पन्न प्रतिवेदनको आधारमा मुल्य अभिवृद्धि कर रु.५०७००।०० समेत रु. ४६६६६६।०० भुक्तानी भएकोमा रु.४४२००।०० रहेको मु.अ.कर विजक पेश भएकोले वढी भुक्तानी भएको मु.अ.कर अशुल गर्नुपर्ने रु...............	६५००
४०.	**स्वीकृत दर रेट भन्दा वढी दरमा भुक्तानीः** ४४२।०७७।२।२७- मानव वन्यजन्तु द्धन्द व्यवस्थापन तथा वाटो निर्माण उपभोक्ता समितिलाई वडा नम्वर ७ मा नारायणी नदि तट्वन्ध को कार्य गरेवापत रु.१४९४०००।०० पेश्की फर्छ्यौट समेत रु.५१३४३९९।००खर्च लेखेकोमा फाइल परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।	
४०.१.	प्राविधिक मुल्याङकन अनुसार Machine made gabin box of different size having mash size 100/120 mash wire 10swg selvege wire 7 swg banding wire 12swg heavy coated को नगरपालकाको स्वीकृत दर रेट अनुसार 3:1:1 को ग्याविन वक्सको प्रति ग्याविन वक्स मु.अ. कर समेत रु.४३१४।३४ रहेकोमा मेसिनवाट वुनेको उही साइजको ग्याविन वक्स (पिभिसि कोटिङ सहित) को मुल्य मु. अ. कर समेत रु. ५४६२।४२ को रेट राखी ६७ ग्याविन वक्सको रु.३६५३८२।०० मुल्याङकन भइ भुक्तानी भएकोमा स्वीकृत दर रेट भन्दा वढी दर रेट रु.११४८।०८ का दरले मुल्याङकन भई वढी भुक्तानी भएको रु.७६९२१।०० मा जनसहभागिताको अंश २७.२० प्रतिशतले हुने रु.२०९२३।०० कट्टा गरी सम्वन्धित उपभोक्ता समिति सँग अशुल गर्नुपर्ने रु..	५५९९८
४०.२.	1.5:1:1 साइजको ग्याविन वक्सको स्वीकृत नगरपालिकाको दर प्रति ग्याविन वक्स रु.2269.04 रहेकोमा पिभिसि कोटिङ सहितको दर राखी मुल्य अभिवृद्धि कर समेत प्रति ग्याविन वक्स रु.2731.21 का दरले मुल्याङकन गरी भुक्तानी दिएकोले रु. ४६२।१७ वढी दर राखी १४०९ ग्याविन वक्सको वढी मुल्याङकन भइ भुक्तानी भएको रु.६५११९७।०० मा जनसहभागिताको अंश २७.२० प्रतिशतले हुने रु.१७७१२६।०० कट्टा गरी वढी भुक्तानी भएको सम्वन्धित उपभोक्ता समितिवाट अशुल गर्नुपर्ने रु...........	४७४०७२

<table>
<tr><td>४०.३.</td><td>packing and filling of gabion crecth with rubble stone २३१४ घ.मी. को रु.१२००।०० का दरले रु.२७७६८००।०० मुल्याङकन भइ भुक्तानी भएकोमा प्राप्त भर्पाइ अनुसार ६६४ ट्रिप ढुङ्गाको प्रति ट्रिप ३ घ. मी. ले १९९२ घ. मी. लाग्नेमा २३१४ घ. मी. मुल्याङकन भई भुक्तानी भएकोले वढी मुल्याङकन भएको ३२२ घ. मी. को रु.१२००।०० का दरले वढी भुक्तानी भएको रु.३८६४००।०० मा जनसहभागितको अंश २७.२० प्रतिशतले हुने रु. १०५१००।०० कट्टा गरी सम्वन्धित उपभोक्ता समितिवाट अशुल गर्नुपर्ने रु</td><td>२८१३००</td></tr>
<tr><td>४१.</td><td>प्रोभिजनल समको रकम भुक्तानीः निर्माण व्यावशायी सँग भएको खरिद सम्झौतामा प्रोभिजनल सममा व्यवस्था भएको रकमवाट भुक्तानी गर्दा वास्तविक लागत मात्र भुक्तानी गर्ने व्यवस्था छ ।सो अनुसार प्रोभिजनल सममा राखेको आइटमको रकम खर्च गर्नु परेमा निर्माण व्यावसायीले सो आईटमको काममा भएको खर्चको विल भर्पाई समेत संलग्न गरी भुक्तानी दावि गर्नु पर्दछ ।कार्यालयले प्रोभिजनल सममा व्यस्था गरेको ल्याव टेष्ट वापतको रु.८००००।०० निर्माण भुक्तानी गरेकोमा विल पेश नभएकोले अशुल गर्नुपर्ने रु...
<table>
<tr><th>गो.भौ.न. र मिति</th><th>विवरण</th><th>निर्माण व्यावसायी</th><th>रकम</th></tr>
<tr><td>३५१/०७६/११/२३</td><td>वडा स्तरीय स्वास्थ्य भवननिर्माण वा.न.१२</td><td>ज्योति एण्ड ज्वाला कन्सट्रक्सन</td><td>१००००</td></tr>
<tr><td>३५१/०७६/११/२३</td><td>वडा स्तरीय स्वास्थ्य भवन निर्माण वा.न.७</td><td>ज्योति एण्ड ज्वाला कन्सट्रक्सन</td><td>१००००</td></tr>
<tr><td>३५१/०७६/११/२३</td><td>वडा स्तरीय स्वास्थ्य भवन निर्माण वा.न.१३</td><td>ऋचा निर्माण सेवा</td><td>१००००</td></tr>
<tr><td>३५१/०७६/११/२३</td><td>वडा स्तरीय स्वास्थ्य भवन निर्माण वा.न.१४</td><td>ऋचा निर्माण सेवा</td><td>१००००</td></tr>
<tr><td>३८८/०७७/२/६</td><td>वडा स्तरीय स्वास्थ्य भवन निर्माण वा.न.१</td><td>संरक्षण निर्माण सेवा</td><td>१००००</td></tr>
<tr><td>३८८/०७७/२/६</td><td>वडा स्तरीय स्वास्थ्य भवन निर्माण वा.न.३</td><td>संरक्षण निर्माण सेवा</td><td>१००००</td></tr>
<tr><td>३८८/०७७/२/६</td><td>वडा स्तरीय स्वास्थ्य भवन निर्माण वा.न.४</td><td>संरक्षण निर्माण सेवा</td><td>१००००</td></tr>
<tr><td>३८८/०७७/२/६</td><td>वडा स्तरीय स्वास्थ्य भवन निर्माण वा.न.६</td><td>संरक्षण निर्माण सेवा</td><td>१००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>८००००</td></tr>
</table></td><td>८००००</td></tr>
<tr><td>४२.</td><td>स्वीकृत दर रेट भन्दा वढी भुक्तानीः ५३१।०७७।३।१८- वडा नम्वर ७ को श्रमिक चोक देखी मनकामना मार्ग मर्मत तथा तटवन्ध निर्माण वापत रु.५०००००।०० खर्च लेखेकोमा फाइल परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्।</td><td></td></tr>
<tr><td>४२.१.</td><td>प्राविधिक मुल्याङकन अनुसार Machine made gabin box of different size having mash size १००/१२० mash wire १०swg selvege wire ७ swg banding wire १२swg heavy coated को नगरपालकाको स्वीकृत दर रेट अनुसार ३:१:१ को ग्याविन वक्सको प्रति ग्याविन वक्स मु.अ. कर समेत रु.४३१४।३४ रहेकोमा मेसिनवाट वुनेको उही साइजको ग्याविन वक्स (पिभिसि कोटिङ सहित) को मुल्य मु. अ. कर समेत रु. ५४६२।४२ को रेट राखी २५ ग्याविन वक्सको रु.१३६५६०।५० मुल्याङकन भइ भुक्तानी भएकोमा स्वीकृत दर रेट भन्दा वढी दर रेट रु.११४८।०८ का दरले मुल्याङकन भई वढी भुक्तानी भएको रु.२८७०२।०० मा जनसहभागिताको अंश ३०.२९ प्रतिशतले हुने रु.८६९४।०० कट्टा गरी सम्वन्धित उपभोक्ता समिति सँग अशुल गर्नुपर्ने रु............</td><td>२०००८</td></tr>
<tr><td>४२.२.</td><td>1.5:1:1 साइजको ग्याविन वक्सको स्वीकृत नगरपालिकाको दर प्रति ग्याविन वक्स रु.२२६९।०४ रहेकोमा पिभिसि कोटिङ सहितको दर राखी मुल्य अभिवृद्धि कर समेत प्रति ग्याविन वक्स रु.२७३१।२९ का दरले मुल्याङकन गरी भुक्तानी दिएकोले रु. ४६२।१७ वढी दर राखी ५० ग्याविन वक्सको वढी मुल्याङकन भइ भुक्तानी भएको रु.२३१०८।५० मा जनसहभागिताको अंश ३०.२९ प्रतिशतले हुने रु.६९९९।५६ कट्टा गरी वढी भुक्तानी भएको सम्वन्धित उपभोक्ता समितिवाट अशुल गर्नुपर्ने रु............</td><td>१६१०९</td></tr>
<tr><td>४३.</td><td>कार्य सम्पन्न प्रतिवेदनः नगरपालिकाले उपभोक्ता समितिवाट काम गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा कार्यसम्पन्न प्रतिवेदनमा निर्माण व्यावशायीको नाम , कामको विवरण , लागत अनुमानको कुल अंक , खर्च</td><td></td></tr>
</table>

	भएको कुल रकम , लागत भन्दा घटी वढी प्रतिशत , निर्माण कार्य शुरु मिति तथा सम्पन्न मिति जस्ता विवरणहरु उल्लेख गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नपर्नेमा खर्च लेख्दा सम्झौता मिति ,योगदान ,सम्पन्न गर्नुपर्ने मिति,मेजरमेन्ट गरेको मिति उल्लेख गर्ने नगरेको र प्राविधिक मुल्याङकन र कार्यसम्पन्न प्रतिवेदनमा पेश गर्ने ,जाँच गर्ने र स्वीकृत गर्नेको नाम नामेसी उल्लेख नगरी सही मात्र गर्ने गरेको देखिएकोले निर्माण कार्य समयमै शुरु भई समयमै सम्पन्न भयो भएन यकिन गर्न सकिएन । अत निर्माणसँग सम्वन्धित सम्पुर्ण सुचनाहरु खुल्ने गरी कागजात तयार गर्नु पर्दछ । लागत अनुमान ,मुल्याङकन,स्थलगत कार्यसम्पादन र विल भर्पाई वास्तविक तुल्याउने तर्फ नगरपालिका सजक हुनुपर्दछ ।	
	शिक्षा तर्फः	
४४.	**नगरपालिका शिक्षाः १२।२०७६।१०।०८** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था भएकोमा पालिकाले १७ विधालयका माध्यामिक, आधारभुत र प्रथामिक तहमा शिक्षक दरवन्दी नभई कक्षा सञ्चालन गरेको भनी तहअनुसार विद्यार्थी संख्याका अधारमा अनुदानको दर तोकी अनुदान निकासा दिएको छ।पालिकाले माध्यामिक तहमा प्रतिविद्यार्थी रु ४२००।०० आधारभुत तहमा प्रतिविद्यार्थी रु ३०००।०० र प्राथामिक तहमा प्रतिविद्यार्थी रु२८००।०० का दरले १७ विद्यालयलाई वार्षिक रु२४८५६००।०० एकमुष्ट अनुदान निकासा गरेको छ।यसरी विद्यार्थी संख्या धेरै भएका र दरवन्दी नभएका विद्यालयमा दरवन्दी सिर्जना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।	
	सर्शत शिक्षा	
४५.	**नमुना विद्यालयलाई थप निकासाः** १७२।०७७।३।२७ गत आर्थिक बर्ष बाट भौतिक पुर्वाधार निर्माणाधिन रहेको ले तोकेको क्षेत्रमा विद्यालय निर्माण कार्यमा खर्च गर्न प्रयोजनका लागि निकासा भएको रकम बाट विद्यालयले भौतिक निर्माण कार्य गर्दा, सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावलि र विद्यालय खरिद दिगदर्शन भित्र रहि निर्माण कार्य संचालन गर्न व्यवस्था शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय बाट स्वीकृत स्थानीय तथा प्रदेश तहका लागि कार्यक्रम कार्यन्यवयन पुस्तिका २०७६।७७ मा उल्लेख छ। कार्यक्रम कार्यान्यिवन पुस्तिकामा उल्लेख भै तोकिएको नमुना विद्यालयलाई उक्त रकम उपरोक्त ऐन नियम तथा दिगदर्शन मा उल्लेख भएको प्रकृया पुरा गरेको विद्यालय लाई कार्य प्रगतिका आधारमा निकासा दिनुपर्नेमा जनक माध्यामिक विद्यालय लाई रु ३७६०००० र कालिका माध्यामिक विद्यालयलाई रु २६५००००।०० सोझै निकासा दिएको छ।खरिद प्रकृया र प्रगतिवेगर भुक्तानी गरिएको उक्त खर्च एकिन नभएकोले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित व्यवस्था अनुसार को खरिद कार्य गरेको प्रमाण पेश हुनुपर्ने रु	६४१००००
४६.	**पाठ्यपुस्तक अनुदानः** विधालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं २.४.६.१ मा वैशाखवाट सुरु हुने शैक्षिक सत्रको विधार्थी भर्ना संख्याको यथार्थ तथ्याङ्क सम्वन्धित शिक्षा अधिकृतवाट प्रमाणित र एकिन गरी पाठ्यक्रम विकास केन्द्रको स्वीकृत दररेट वमोजिम कक्षा १ देखी १० सम्म अध्ययनरत विधार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दोस्रो चौमासिकमा पाठ्यपुस्तक अनुदान रकम विधालय खातामा निकासा दिने र विधार्थीले शैक्षिक सत्रको सुरुवातमै पुरा सेट नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी नपुग हुने रकम मात्र थप निकासा दिने उल्लेख छ।यस पालिकाले ७५ प्रतिशत पाठ्यपुस्तक अनुदान वापत ३५ विद्यालयलाई भौ नं ८१।२०७६।१२।०३ वाट रु३२६५९४७।०० निकासा गरेकोमा कोभिड १९ का कारण विद्यार्थी भर्ना नखुल्दै तथा विद्यार्थी संख्या एकिन नगरी १७२।०७७।०३।२७ वाट नपुग २५ प्रतिशत वापत रु१०८८६४९।०० थप निकासा गर्नुपर्नेमा रु ११७२४४२ निकासा गरेकोले वढी निकासा भएको रकम रु ८३७९३।०० मध्ये प्रतिक्रियासाथ रु १०७७१।०० असुली गरी दाखिला गरेको प्रमाण पेश भएकोले असुल गर्न वाँकी रु ७३०२२।००सम्वन्धीत विद्यालयवाट असुल गर्नुपर्ने	७३०२२
४७.	**शिक्षण सिकाई सामाग्रीः** विधालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं	

२.७.१३.८ मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामाग्री तथा वुक कर्नर व्यवस्थापनको अनुदान निकासा गर्दा तहगत रुपमा विद्यार्थी संख्या एकिन गरी निकासा दिनुपर्ने व्यवस्था भएकोमा पालिकाले देहायका विद्यालयमा कक्षा ६-८ मा वास्तविक विद्यार्थी संख्या भन्दा वढी विद्यार्थी संख्या राखी निकासा दिएकोले वढी विद्यार्थी संख्या वरावरको रकम असुल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु ११०००

विद्यालयको नाम	EMIS विद्यार्थी संख्या	निकासा भएको विद्यार्थी संख्या	वढी विद्यार्थी संख्या	प्रतिविद्यार्थी दर	वढी निकासा रकम
जनक मा वि	३७४	४०६	३२	२००	६४००
कालिका मा वि	३७३	३८५	१२	२००	२४००
वालज्योती नि मा वि	६३	७४	११	२००	२२००
	८१०	८६५	५५	२००	११०००

४८. **स्थानीय पुर्वाधार विकास साझेदारीः** पालिकामा आ व २०७६।७७ मा स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम अर्न्तगत १० आयोजना छनौट भई रु १ करोड ४६ लाख विनियोजन भएकोमा ९ आयोजनामा रु १७ लाख ९३ हजारको जनसहभागिता भई रु१ करोड ६३ लाख ९३ हजारको कार्य सम्पन्न भएको छ।

४८.१. **स्वीकृत नर्म्स भन्दा वढी भुक्तानीः** नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागबाट वि स २०७३ मा जारी भएको नर्म्स अनुसार दक्ष तथा अदक्ष कामदारले गर्ने निर्माण कार्यको हकमा दर विश्लेषण गर्दा टुल्स एण्ड प्लान्टको दरमा कायममा सोमा प्रयोग हुने ज्यामीको रकमको ३ प्रतिशतले हुने रकम टुल्स एण्ड प्लान्टको दरमा कायम गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले उपभोक्ता समितिबाट हुने निर्माण कार्यको दर विश्लेषणमा ज्यामी ज्यालाको मात्र नभई समग्र ज्याला खर्चको ३ प्रतिशत रकम समावेश गरी दर विश्लेषण गरेको पाइयो। यसरी स्विकृत नर्म्स भन्दा वढी दर राखी भुक्तानी भएको रकम सम्वन्धीत उपभोक्ता समितीवाट असूल गर्नुपर्ने रु ४४१६३

गो.भौ. न र मिति	योजनाको नाम	कामको विवरण	घ.मी	भुक्तानी दर	भुक्तानी हुनुपर्ने दर	फरक दर	वढी भुक्तानी
०४/०७७/०२/१६	हरी ॐ सत्सङ्ग सधन	Pcc for Rcc1:1.5:3	५१.८४	१२१०९	११८३३	२७६	१४३०७
६/०७७/०२/२८	नारायणी अधारभुत विद्यालय	Pcc for Rcc1:1.5:3	७.३३	१२१०९	११८३३	२७६	२०२३
६/०७७/०२/२८	नारायणी अधारभुत विद्यालय	Brick work 1:4	५२.२९	१२८५९	१२५५३	३०६	१६०००
८/०७७/०३/२४	जनक मा वि ट्रस निर्माण	Brick work 1:4	१०.९७	१२८५९	१२५५३	३०६	३३५७
१२/०७७/०३/२५	कालिका विद्यापिठ कलेज	Brick work 1:4	९.२०	१२८५९	१२५५३	३०६	२८१५
२/०७७/०२/२५	नारायणी पव्लिक पार्क	Brick work 1:4	१८.५०	१२८५९	१२५५३	३०६	५६६१
					जम्मा		४४१६३

४९. **पर्यटन पुर्वाधारः** १।२०७७।०३।२५ पालिकाले मौलाकालिका मार्ग वाटो पिच गर्न उपभोक्ता समितीसंग रु६१४७२१२।०० को सम्झौता गरेकोमा supply laying fitting and fixing of 60cm hume pipe २० मिटर प्रयोग भएको देखाएको उपभोक्ता समितीले पाइप खरिद गरी पेश गरेको विलमा १७.५ मिटरको मात्र खरिद देखिएकोले २.५ मिटरको प्रतिमिटर रु ४३१४ का दरले वढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितीवाट असूल गर्नुपर्ने रु १०७८५

कृषि तथा पशुसेवा तर्फः

५०. **भरपाइ पेश गर्नुपर्नेः** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ३६ (३) मा खर्च गर्दा सार्वजनिक निकायले सो खर्चलाई प्रमाणित गर्ने बील भरपाई तथा रीत पुगे नपुगेको जाँच गरी लेखा राख्नुपर्ने ब्यवस्था भएकोमा पालिकामा प्रदिप साप्कोटालाइ तरल नाइट्रोजन ढुवानी भण्डारण वितरण व्यवस्थापनका लागि

आवश्यक सामाग्री खरिदबापत रु.४०००० भुक्तानि दिइएको पाइयो ।सो नाइट्रोजन खरिद गरि सोको उपयोग कुन प्रयोजनको लागि भयो र सो खर्च पुस्टी गर्ने भरपाइ प्रमाण पेश गर्नुपर्ने रु. — ४००००

५१. **कृषि तथा पशुमा अनुदानः** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्नेमा सो को पालना भएको पाइएन। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ ।अनुदान वितरण गर्दा अनुदान कार्यविधिको पालना नगरि कार्यपालिकाको निर्णयको आधारमा अनुदान वितरण भएको छ ।निश्चित मापदण्ड र कार्यविधि बनाइ अनुदान आवश्यक पर्ने बर्ग तथा समुह पहिचान गरि अनुदान वितरण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन्

भौ नं	विवरण	अनुदान रकम
५८।२०७६।११।१२	कालिका महिला कृषक समुहलाइ वेर्ना उत्पादनका लागी ५० प्रतिशत अनुदान	५२०८९
६३।२०७६।११।१५	नमुना कृषि महिला समुह लाइ च्याउ खेतीका लागी ५०प्रतिशत अनुदान	१४७७५०
९६।२०७७।२।९	दाजुभाइ कृषि तथा पशु फर्मलाइ लाइ तरकारी खेती कार्यक्रम संचालन गर्दा लागेको खर्चको ७५ प्रतिशत अनुदान	१८७६९०
११७।२०७७।३।८	वडा न.६ को नमुना कृषक समुहलाइ सिंचाइ आयोजना सञ्चालन को लागी अनुदान	१०००००
१३९।२०७७।३।२२	शिवनगर कृषक समुहलाइ सिचाइ आयोजना अनुदान	१४३४९०
११३।२०७७।३।२	गैडाकोट नगरपालिका कृषक समुहले तरकारीको विउ अनुदान वितरण	६१८००
१६०।२०७७।३।२५	कडेंल पशुविकास कृषि फार्म अनुदान	४९३१५

५२. **प्रधानमन्त्री रोजगार कार्यक्रमः**स्थानीय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ।नगरपालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ग्रामिण सडक निर्माण वृक्षारोपण, पदमार्ग निर्माण लगायतका कार्यमा रु २३ लाख ८६ हजार खर्च भएको देखिन्छ। कार्यक्रमावाट यो आर्थिक वर्षमा जम्मा १३९ जनालाई रोजगारी प्रदान गरी १४ लाख ९६ हजार ज्याला भुक्तानी गरिएको देखिन्छ।प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चलन निर्देशिका २०७५ को दफा २ (ट) मा वेरोजगार व्यक्तिलाई स्थानिय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरी परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ।कार्यविधिको दफा १३(१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरु मध्येवाट निर्देशिकाको दफा २१ को उपदफा (३) वमोजिमको प्रथामिकता क्रममा आधारमा काममा खटाउनु पर्ने व्यवस्था रहेको छ।नगरपालिकाले वेरोजगार व्यक्तिहरुको सुचि तयार गरि परिचयपत्र वितरण गरेर प्रथामिकताको आधारमा मात्र कामका लागि पारिश्रमिक कार्यक्रममा सहभागी गराउनु पर्नेमा सो गरेको पाइएन।आयोजना सञ्चालन पुर्व स्थानिय तहले प्राविधिक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने र सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा कतिपय आयोजनामा प्राविधिक प्रतिवेदन संलग्न भएको छैन।कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकात वेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागी पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय तथा प्रभावकारी वनाउनुपर्दछ ।

स्वास्थ्य तर्फः

५३. **शिर्षक फरक पारी खर्चः** एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार खर्च शिर्षक फरक पारी खर्च गरेको कारण देहायअनुसार फरक परेको छ । शिर्षक फरक पारी खर्च गर्नु वित्तीय अनुसासनको उल्लंघन गर्नु हो अतः उक्त रकम अनियमित देखिएको रु — ६६४००

क स	खर्चको व्यहोरा	खर्च गर्नुपर्ने	खर्च गरेको	खर्च रकम

		शिर्षकको नाम	शिर्षकको नाम	
१	आमा सुरक्षा कार्यक्रम र निशुल्क सुरक्षित गर्भपतन सेवाको सोधभर्ना भुक्तानी र न्यानो झोला खरिद गर्दा नपुग रकम	न्योनो झोला	स्थानिय भत्ता	६६४००

५४. **औषधिको लोगो परीक्षणः** पालिकाले खरिद गरेका औषधिहरुमा नेपाल सरकारको निशुल्क स्वास्थ कार्यक्रमका लागि भन्ने लोगो लगाउनु पर्ने ब्यवस्था छ।पालिकाबाट खरिद औषधिहरुमा लोगो परीक्षण गर्दा चार वटामा INS SUPPLY लेखेको पाइयो। जुन स्विकृत लोगोभन्दा फरक देखिन्छ ।

सि·न	औषधिको नाम	म्याद नाघे ननाघेको	निसुल्क वितरणको लोगो भए नभएको
१	Ranitidine-150mg	Feb-2022	INS SUPPLY
२	Ciprofloxacin-250mg	Mar-2022	INS SUPPLY
३	Paracetamol-500mg	Jul-2022	भएको
४	Ambloc-5mg	Oct-2022	INS SUPPLY
५	Amoxycillin-500mg	Feb-2022	INS SUPPLY

५५. **वहुक्षेत्रिय पोषण कार्यक्रमः ७।२०७७।३।१** पालिकाले १२० घर धुरीलाइ रु.१५०० का दरले कुखुराको खोर निर्माणका लागि रु.१८०००० तथा १२० घरधुरीलाइ नै ९६० वटा बोइलर कुखुरा वितरण गरि र रु.२८८००० खर्च गरेको छ ।वितरण गरिएको अनुदान को प्रभावकारी सदुपयोग भएको छ कि छैन सोको अनुगमन प्रतिवेदन नभएको तथा यसरी कार्यपालिकाबाट निर्णय गरी अनुदान वितरण गर्ने प्रवृतीलाई रोकी कार्यविधि तथा निश्चित मापदण्ड बनाइ बास्तवीक रुपमा आर्थिक,सामाजिक रुपले पछाडी परेको समुदायको उत्थानको लागी अनुदानलाई व्यवस्थित ढङ्गले परिचालन गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

५६. **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर विभिन्न मितिमा विभिन्न सप्लायर्सवाट रु २३ लाख ८२ हजारको औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको

आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समास मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५७. **पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा आर्थिक बर्षको अन्त्यसम्ममा पेश्की फछ्यौट गरी सक्नु पर्ने व्यवस्था भएकोमा नगरपालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसार व्यक्ति, उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु... ९१९९८३०

गो भौ नं मिति	पेश्कीको विवरण	पेश्की लिने व्यक्ति/फर्म/कम्पनी	रकम
९८१/२०७७/०३/२८	सेवा र परामर्श सेवा	मोति प्रसाद रिजाल	३०००००
९४/२०७६/०७/२०	गणेश मन्दिर १२ नं जोड्ने पिच वाटो	गणेश टोल विकास सस्था	४०७०००
९६/२०७६/०७/२०	जखरटाडी चोकदेखी तल्लो रानीखोला सम्मको वाटो पिच	मटकुरी टोल विकास सस्था	१४५०००
१६६/२०७६/०८/२९	तारानगर खानेपानी	तारानगर खानेपानी उपभोक्ता समिती	२९१०००
१९५/२०७६/०९/१४	मालपुरचोक देखि पुर्व उत्तरतर्फ वाटो पिच	मालपुर टोल विकास सस्था	२९१०००
३९४/२०७७/०२/०७	भतेरी सिंचाई योजना	भोक्रेफाँट टोल विकास सस्था	११६०००
४७०/२०७७/०३/०२	नगरपालिका भवनमा फर्निसिङ	एल एण्ड जि सप्लायर्स	२३२७३०
५१२/२०७७/०३/१२	नगरपालिका भवनमा फर्निसिङ	एल एण्ड जि सप्लायर्स	६८४५००
११/२०७६/०५/२७	वन तथा वातावरण संरक्षण	नन्दन सामुदायिक वन उपभोक्ता	८००००
६८/२०७६/०६/२८	चौधरीटोल हर्कपुर कालोपत्रे	चौधरीटोल वाटो निर्माण उपभोक्ता समिती	२०३०००
१४०/२०७६/०८/१२	भल नियन्त्रण वडा नं २	भृकुटीटोल भल नियन्त्रण उ स	१४५५०००
१६४/२०७६/०८/२९	श्रमिकटोल देखि मिटसप्लायर्स जाने वाटो	जयश्री नारायणी मार्ग उपभोक्ता समिती	५८२०००
२३०/२०७६/१०/०२	पोखेल टोल वाटो पिच	पोखेल मार्ग वाटो निर्माण उ स	२६१०००
२७७/२०७६/१०/२१	फुलवारी टोल जगत थापाको लाइन वाटो पिच	फुलवारी मार्ग वाटो निर्माण उपभोक्ता समिती	२१८०००
२७८/२०७६/१०/२१	रमाइलो चोकदेखी कालीगण्डकी करिडोर छुने वाटो पिच	सुन्दरमार्ग वाटो निर्माण उपभोक्ता समिती	२४७०००
३०८/२०७६/११/०४	किचकन्नेखोला देखी चैतेगुम्वा वाटो पिच	जैनटार वाटो निर्माण उ स	३७८०००
३१३/२०७६/११/०७	सगरमाथा मार्ग कालोपत्रे	सगरमाथा मार्ग उ स	३४६०००
३१६/२०७६/११/०७	वाटो पिच	यलुमार्ग वाटो निर्माण उ स	२९१०००
३३२/२०७६/११/१६	अयोध्यामार्ग कालोपत्रे	अयोध्यामार्ग वाटो निर्माण उ स	२९१०००
३६२/२०७६/११/३०	रंगशाला मार्ग वाटो कालोपत्रे	रंगशालामार्ग वाटो निर्माण उ स	२७६०००
३९९/२०७७/०२/०७	भल नियन्त्रण तथा वाटो पिच	शिवालय मार्ग वाटो निर्माण उ स	८७३०००
४१७/२०७७/०२/१९	वडा नं १६ वाटो ग्राभेल	कैलाशमार्ग उ स	५८२०००
४३५/२०७७/०२/२५	वोरिङ्ग सिंचाई आयोजना	हरियाली सिंचाई उ स	४३३६००
१०१/२०७६/०६/१०	नक्सा डीजाइन खर्च	मनिरत्न सापकोटा	१०००००
४९४/२०७६/१०/२८	ज्येष्ठ नागरीक लक्षित कार्यक्रम	मनिरत्न सापकोटा	५००००
१००४/२०७७/०३/२९	दलित लक्षित कार्यक्रम	मनिरत्न सापकोटा	६६०००
		जम्मा	९१९९८३०

सुत्रको अनुसुची २३ मा पेश्की बाँकी रु९३४२८३०।०० देखिएकोमा ज्येष्ठ नागरिक कल्याणकारी प्रतिष्ठान नेपालको रु७५०००।०० सिर्जनाटोल वाटो निर्माण उपभोक्ता समितीको रु५८०००।०० र अर्जुन रिमालको रु १००००।०० गरी जम्मा रु१४३०००।०० गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समावेश भएकोले समावेश गरिएको छैन।

५८. **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणले औंल्याएका व्यवहोराहरु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुंदासम्म फछ्र्यौट नभएका व्यहोराहरु निम्नानुसार देखिएका छन। २६०२९८८

गो भौ नं मिति	व्योहोरा	रकम
प्रमाण तर्फ		
	क्वारेन्टाइन व्यवस्थापनका लागि प्राप्त रकम रु १७५०००।०० पालिकाको प्रकोप व्यवस्थापन कोष खातामा ट्रान्सफर भएको	
	राहत वितरणको रकम रु १० लाख प्रकोप ब्यवस्थापन कोषमा ट्रान्सफर भएको	
८६५	दलित महिला समुहलाइ बील भरपाई वेगर भुक्तानी गरेको भरपाई पेश गर्नुपर्ने	४६८६
४	विभिन्न कृषि समुह फर्मलाइ कृषि उपकरण अनुदान उपलब्ध गराएको मा कृषि समुह वा फर्मले उल्लेखित उपकरण बुझेको भरपाई पेश गर्नुपर्ने	९७४११०
१७४	माटो परिक्षण तथा जिक खरिद गरेबापत भुक्तानि गरेकोमा ४५० केजि जिंक वितरण गरेको भरपाइ पेश गर्नुपर्ने	४४३१००
६८१	हरि उं सत्सघं साधना सदन भवन निर्माण वापत भुक्तानी भएकोमा प्राविधिक स्टीमेट र मुल्याङ्कन कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने	१०००००
१७१	औषधि जन्य सामाग्री सोझै खरिद	१०८१०९२
	जम्मा	२६०२९८८

५९. **अनुगमन तथा सम्परीक्षण –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ।सोही ऐनको दफा ८४ (२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ।यो वर्ष लेखापरीक्षणको क्रममा रु७४६०७०३।०० सम्परीक्षण भएको र तत्पश्चात आ व २०७५।७६ को अन्तिम लेखापरीक्षण प्रतिवेदनको दफा नं ३५ मा उल्लेखित रु ३ करोड सम्परीक्षणको लागी अनुरोध गरेकोमा जनक मावि र कालिका मा वि (नमुना विद्यालय) को प्राविधिक मुल्यांकन तथा कार्यसम्पन्न प्रतिवेदन पेश भएकोले रु३००००००००।०० गरी कुल जम्मा रु३७४६०७०३।०० संम्परीक्षण गरिएको छ।

अनुसु च १

पा लकाको सं चतकोषको ववरण

२०७६।०७७

प्रदेश: गण्डकी (**रु हजारमा**)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय					जम्मा आय					मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाडफाड	आन्तरीक आय	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	गैडाकोट नगरपालिका	नवलपरासी व सु पुर्व	१४५३८७	४६०५५४	९८०८०	५०५४६	३८१०२५	९९०२०५	३८४७२८	२१२८५२	३३२९८८	९३०५६८	२०५०२४

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसु च २

२०७६।७७

(**रु हजारमा**)

सि नं	जिल्ला	स्थानिय तहको नाम	प्रारम्भिक वेरुजु			प्रतिक्रियावाट फछ्यौट			बाँकी वेरुजु			बाँकी वेरुजु								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगति		सैदान्तिक	लगति		सैद्धान्तिक	लगती			अनिय मत भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभनां न लएको	जम्मा	कमंचारी	अन्य	जम्मा
१	नवलपरासी व सु पुर्व	गैडाकोट नगरपालिका	३५	३९	७०८८७	०	१०	४४८८५	३५	२९	२६००२	४७८८	२९६१	९०५३	०	०	१२०१४		९२००	९२००

अनुसुची ३

अद्यावधिक वेरुजु स्थीती

(रु हजारमा)

क स	स्थानिय तह	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो बर्षको फछ्यौट	बाकी	यो बर्ष सम्पबाट कायम बेरुजु	यो बर्षको बेरुजु	कुल बाकी बेरुजु
१	गैडाकोट नगरपालिका	नवलपरासी व सु पुर्व	५२९७७	३७४६१	१५५१६	०	२६००२	४१५१८